*अध्याय सात*

# कान्तिपुर एफएमको समाचारलाई फर्केर हेर्दा

## श्रीराम पौडेल

### विषय प्रवेश

"भैँसी हराएको सूचना !
हिजो दिउँसो २:०० बजेदेखि कोटेश्वर तीनकुने क्षेत्रबाट दुईओटा भैँसी र एउटा पाडो हराएको हुँदा पाउनुहुने महानुभावले खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ । सम्पर्कः ४४३२८८१ ।" कान्तिपुर एफएममा २०६० वैशाख १६ गते बिहान ७:१५ बजे (रेडियो नेपालको समाचारपछि) बजेको विज्ञापनको बेहोरा हो यो । काठमाडौँका एफएमहरूमा जनावरहरूमध्ये कुकुर हराएको सूचना बारम्बार सुनिए पनि भैँसी हराएको सूचना बजेको यो पहिलो अवसर हुनुपर्दछ । यो सूचना तीन पटकसम्म बजाउन पैसा तिरेर गएकोमा पहिलो पटक प्रसारण हुनेबित्तिकै भैँसी फेला परेपछि विज्ञापनदाताले बाँकी दुई पटकको पैसा फिर्ता लगेका थिए । उनको भैँसीले इमाडोल क्षेत्र (ललितपुर) मा कसैको बाली खाएर दुःख दिएकाले एफएम रेडियोबाट सूचना सुन्नेबित्तिकै पीडितले खबर गरिदिएका थिए ।[1]

[1] कान्तिपुर एफएम, मार्केटिङ शाखाका दीपक श्रेष्ठसँगको कुराकानीमा आधारित ।

भैँसी हराएको सूचना एफएम रेडियोमा आउन थाल्नुलाई यसले दर्शाउने स्थानीयपनसँग जोड्न सकिन्छ । एफएम रेडियोको प्रसारण सुरु भएको छोटो समयमै जनस्तरबाट रेडियो माध्यमलाई आत्मसात गरेको प्रमाणका लागि यो उदाहरण पर्याप्त छ । एफएम रेडियोहरू जनस्तरसम्म पहुँच बढाउँदै आफूलाई वैकल्पिक माध्यमको रूपमा उभ्याउन पनि सफल त छन् नै सामाजिक जनजीवनसँग घुलमिल हुँदै गइरहेका छन् । नेपालमा एकतर्फी सञ्चारको माध्यम रहँदै आएको रेडियो प्रसारण एफएम रेडियोको आगमनपछि केही हदसम्म दुईतर्फी माध्यम बनेकोमा शङ्का छैन । वर्षेनी स्टेसन सङ्ख्या थपिनु र यसको बिस्तार हुनुले पनि यस कुरालाई पुष्टि गर्दछ (अध्याय १ हेर्नुहोस्) ।

प्रविधिको विकासले सञ्चारमाध्यमहरूलाई सरल, शीघ्र र प्रभावकारी बनाइदिएको छ। राजनीतिक उदारीकरणले पनि आमसञ्चारमाध्यमहरूलाई खुकुलो वातावरण दिएको छ। २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि संविधानले नै प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेको हो । सोही कारण सञ्चारमाध्यमहरूको सङ्ख्यात्मक र गुणात्मक विकास हुन सक्यो । यस्तै वातावरणमा सञ्चारमाध्यमहरू हुर्कन, बढ्न सक्छन् र आफ्नो अस्तित्व एवं प्रभावलाई बिस्तार गर्न सक्छन् । उदार तथा बहुलवादी संस्कृतिले प्रतिस्पर्धात्मक वातावरण सृजना गर्ने हुनाले पनि प्रसारण माध्यम चाँडै नै स्थापित हुन सकेका हुन् । बहुलवादी संस्कृतिलाई बढाउनमा एफएम रेडियोको योगदान उल्लेखनीय रहेको छ । नेपालमा प्रसारणमा रहेका एफएम रेडियोहरूका आफ्ना लक्षित श्रोता वा वर्ग भिन्नभिन्न रहेका छन् । केहीले सङ्गीतलाई मात्र आफ्नो लक्ष्य निर्धारण गरेका छन् भने धेरैले सूचना र मनोरञ्जनलाई आफ्नो लक्ष्य बनाएका छन् । यसरी हेर्दा प्रसारणमा केही विविधता पाइन्छ ।

निजी क्षेत्रबाट स्थापित पहिलो व्यापारिक रेडियो कान्तिपुर एफएम सूचना प्रवाह र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न एमएम रेडियोहरूमाझ अग्रणी रहँदै आएको छ ।[२] प्रस्तुत लेखमा कान्तिपुर एफएमको समाचार प्रसारणका विविध

---

[२] नेपालमा प्रसारणका माध्यमहरूलाई वर्गीकृत गर्ने कुनै निकाय छैन । रेडियो स्टेसनहरूको लोकप्रियता मापन गर्ने भरपर्दो एवं सबैलाई मान्य हुने विस्तृत अनुसन्धान र अध्ययन सार्वजनिक भएको पनि अहिलेसम्म जानकारीमा आएको छैन । त्यसैले कुन रेडियो स्टेसन कोभन्दा कति अगाडि या पछाडि छन् भन्ने कुराको स्पष्ट किटान गर्न गाह्रो छ । तर समाजका सबै क्षेत्रबाट प्राप्त हुने प्रतिक्रिया, प्रसारण पहुँच, विभिन्न संस्थाहरूले सीमित मापदण्डका आधारमा गरेका सर्वेक्षण जस्तैः नेपाल विज्ञापन एजेन्सी सङ्घ (आन) र ओआरजी मार्ग नेपाल (नयाँ नाम– एसी नेल्सन) ले विज्ञापनबारे गरेको अध्ययन आदिलाई आधार मान्दा कान्तिपुर एफएम अग्रणी रहेको देखिन आउँछ ।

पक्षहरूबारे चर्चा गरिनेछ । यसअन्तर्गत सुरुमा कान्तिपुर एफएमको स्थापना, समाचारको सुरुआत र बिस्तार, यसका समाचारका विशेषता, समाचार र राजनीति, समाचार सङ्कलन र जनशक्ति, समाचारका स्रोत, समाचारको वर्गीकरण र प्राथमिकता, समाचार उत्पादनमा लगानीलगायत विविध पक्षलाई समेटिएको छ र अन्तमा निष्कर्ष दिइएको छ ।[3]

## कान्तिपुर एफएमको स्थापना

कान्तिपुर पब्लिकेशन्स्को एउटा सानो एकाईको रूपमा २०५२ चैत १४ देखि नै कान्तिपुर एफएमको सुरुआत भएको हो । त्यति बेला कान्तिपुर पब्लिकेशन्स्ले कार्यक्रम प्रसारण गर्नका लागि रेडियो नेपालको स्वामित्वमा रहेको एफएम काठमाडौँ १०० मेगाहर्जको साँझ ७:०० बजेदेखि राति १०:०० बजेसम्म तीन घण्टाको समय खरिद गरेको थियो । २०५४ फागुन ४ मा छुट्टै फ्रिक्वेन्सीअन्तर्गत रेडियो प्रसारणको इजाजत यसले पायो । तत्पश्चात् २०५५ असोज २८ देखि ९६.१ मेगाहर्जमा कान्तिपुर एफएमकै नाउँमा काठमाडौँमा स्वतन्त्र प्रसारण सुरु भयो । स्वतन्त्र रूपले प्रसारण थालेदेखि नै दैनिक २० घण्टा (बिहान ४:०० बजेदेखि राति १२:०० बजेसम्म) प्रसारणमा रहँदै आएको यो एफएम रेडियो एक वर्ष पूरा गर्नेबित्तिकै २०५६ असोज २८ देखि हरेक दिन चौबीसै घण्टा प्रसारण हुन थाल्यो ।[4]

यसै गरी पूर्वाञ्चलमा पनि २०५८ भदौ २० देखि कान्तिपुर एफएमको रिले प्रसारण सुरु भयो। धनकुटास्थित कान्तिपुर एफएमको भेडेटार प्रसारण केन्द्रबाट पूर्वाञ्चलका १६ ओटै जिल्ला र सिमाना जोडिएका भारतीय क्षेत्रमा पनि यसको प्रसारण सुनिन्छ । नेपालभित्र मात्रै झन्डै ६० लाख जनसङ्ख्यामाझ कान्तिपुर एफएमको प्रसारण-पहुँच रहेको छ ।[5] यसका अतिरिक्त २०६१ पुस ११ गतेदेखि पोखरास्थित पोखरा एफएमले कान्तिपुर एफएमका सबै समाचार बुलेटिन र थप कार्यक्रमहरू प्रसारण

---

[3] यो लेख २०६१ माघ १९ को शाही घोषणाभन्दा अघिसम्मका गतिविधिमा केन्द्रित छ । शाही घोषणापछि स्वतन्त्र रेडियोले भोगेका असहज परिस्थितिबारे विस्तृत जानकारीका लागि अध्याय ४ हेर्नुहोस् ।

[4] नेपालमा दैनिक २४ सै घण्टा प्रसारण सुरु गर्ने यो पहिलो एफएम रेडियो हो ।

[5] यो अनुमानित आँकडा हो । अहिलेसम्म कुनै पनि रेडियो स्टेसनले आफ्ना श्रोता सङ्ख्या यति नै छ भनेर दाबी गर्ने भरपर्दो अध्ययन र आधार देखिँदैन । प्रसारण पुगेको क्षेत्रमा रहेको जनसङ्ख्यालाई आधार मान्दै अनुमानित आँकडा लिने प्रचलन छ । उपत्यका तथा आसपासका क्षेत्र र पूर्वाञ्चलका १६ जिल्ला रहेको जनसङ्ख्यालाई आधार मानेर कान्तिपुर एफएमको यो श्रोता सङ्ख्या अनुमान गरिएको हो । यसमा अन्य एफएम स्टेसनसँगको सहकार्यले गराएको प्रसारण पहुँचको बिस्तारलाई समेटिएको छैन ।

गरेको थियो भने सोही सालको माघ १६ गतेबाट पाल्पाको पश्चिमाञ्चल एफएमले यो एफएमको सबै समाचार प्रसारण सुरु गरेको थियो।[६] कान्तिपुर एफएमको उपत्यकाको प्रसारण क्षमता पाँच सय वाट र पूर्वाञ्चलको प्रसारण क्षमता दस हजार वाट (दस किलोवाट) रहेको छ। 'प्रजातान्त्रिक खुला र बहुल समाजका लागि सङ्लो मनोरञ्जन तथा सूचनाको प्रवाह गर्नु' लाई यो एफएमले आफ्नो गन्तव्य बनाएको छ।[७]

## समाचार प्रसारणको सुरुआत र बिस्तार

सरकारी स्वामित्वको रेडियो नेपालको एफएम काठमाडौँ १०० मेगाहर्जदेखि नै कान्तिपुर एफएमले समाचारको प्रसारण सुरु गरेको हो। बेलुका ८:०० बजे *उपत्यकामा आज* नामक समाचार बुलेटिनमा स्थानीय गतिविधि, मौसम, सुनचाँदीको भाउ एवं खेलकुदका गतिविधिहरू प्रसारण हुने गरेका थिए। स्वतन्त्र फ्रिक्वेन्सीबाट आफ्नो प्रसारण थालेपछि भने कान्तिपुर एफएमले रेडियो समाचारको नेतृत्व गरेको थियो भन्दा अत्युक्ति हुँदैन। कान्तिपुर एफएमभन्दा १६ महिनाअघि प्रसारणमा रहेको रेडियो सगरमाथा निजी क्षेत्रको प्रसारणको नेतृत्व लिए पनि इजाजत प्रदान गर्दा थोपरिएका सर्तहरूका कारण समाचार प्रसारणका क्षेत्रमा अग्रसर हुन सकेको थिएन।[८] २०५५ कात्तिक ११ देखि कान्तिपुर एफएमले *कान्तिपुर डायरी* नाम दिएर समाचार प्रसारण सुरु गरेको हो। रेडियो नेपालको बिहान ७:०० बजेको समाचारपछि प्रसारित हुने यो कार्यक्रममा मूलतः अखबारहरूले छापेका समाचार प्रस्तुत गरिन्थे (हेर्नुहोस् तस्बिर ७.१)। काठमाडौँबाट प्रकाशित हुने आधा दर्जनभन्दा बढी ठूला आकारका (ब्रोडसिट) दैनिकका समाचारहरूलाई छनोट गरेर उत्कृष्ट समाचार मात्र प्रसारण गरिने हुनाले अखबारमा आधारित सो कार्यक्रम चाँडै नै लोकप्रिय हुन सकेको हो। किनभने यसअघिको समयमा

---

[६] पोखरा एफएमसँग भएको सम्झौताअनुसार यसले कान्तिपुर एफएमका समाचार बुलेटिन (सबै) र कार्यक्रम (एक हप्तामा झन्डै २० ओटा) का पूरै प्याकेज (विज्ञापनसमेत) प्रसारण गर्दछ। पश्चिमाञ्चल एफएम पाल्पाले कान्तिपुर एफएमको समाचार मात्र लिने सहमति गरेको थियो, जसबापत उसले प्रति महिना कान्तिपुर एफएमलाई तीस हजार रुपियाँ तिर्नु पर्दथ्यो।

[७] २०५८ मा कान्तिपुर एफएमको पूर्वाञ्चल प्रसारण भएपछि त्यस क्षेत्रका सांसद र अन्य विशिष्ट व्यक्तिहरूसँग एफएम स्टेसनले गरेको छलफल कार्यक्रममा वितरित 'कान्तिपुर एफएमको चिनारी २०५८' बाट। सोही चिनारीमा उल्लेख भएअनुसार यो एफएमको प्रकृति– व्यवसायिक, बजारमुखी, खँदिलो र संवादमूलक र प्रवृत्ति– अनौपचारिक, सृजनशीलता, सूचनामूलक र मनोरञ्जनात्मक निर्दिष्ट गरिएको छ।

[८] रेडियो सगरमाथामा समाचार प्रसारण अभ्यासबारेको विस्तृत चर्चा यसै पुस्तकको अध्याय ६ मा गरिएको छ।

अखबारका समाचार प्राप्त गर्नलाई कि त खरिद गर्नुपर्दथ्यो वा निःशुल्क पाइने ठाउँमा गएर पढ्नु पर्दथ्यो । तर एफएमहरूले यसरी अखबारका समाचार पढिदिँदा आम श्रोताहरूका लागि पैसा र समय दुवैको बचत हुन्थ्यो । सूचना प्राप्त गर्न रेडियो बजाइदिए पुग्थ्यो । प्रत्येक अखबारहरू समाचारका लागि मुख्य स्रोत हुनाले एफएम रेडियोले सस्तो लगानीमा उत्कृष्ट बुलेटिन उत्पादन गर्दथे । यस प्रकार अखबारले समाचार उत्पादनका लागि गर्ने लगानी अप्रत्यक्ष रूपमा एफएम रेडियोहरूका लागि हुने गरेको थियो । एफएम रेडियोबाट अखबारको समाचार पढ्ने प्रचलन यति चाँडो बिस्तार भयो कि समाचार प्रसारण गर्ने सबै एफएम स्टेसनहरूले त्यसैलाई पछ्याए ।[९] बिहानको *कान्तिपुर डायरी* सुरुमा १५ मिनेट मात्र थियो । यसमा विशेष गरी *कान्तिपुर* दैनिकका समाचारलाई नै बढी प्राथमिकता दिइन्थ्यो । *कान्तिपुर डायरी* यति लोकप्रिय बन्दै गयो कि सोही नाममा साप्ताहिक पत्रिका प्रकाशनमा आयो ।[१०]

२०५५ पुस १७ देखि बिहान ७:१५ बजेको *कान्तिपुर डायरी*लाई बिहान ६:३० बजे सारियो र अन्य समयका लागि पनि केही बुलेटिनहरू थपियो । यसरी थपिएका बुलेटिनहरूमा बिहान ७:३० बजे अर्थ वाणिज्यसम्बन्धी *बिजनेस डायरी*, ९:०० बजे खेलकुदसम्बन्धी *स्पोर्टस् राउण्ड अप*, साहित्य, कला, मनोरञ्जनात्मक समाचारका लागि १०:०० बजे *आर्ट एण्ड इन्टरटेनमेन्ट डायरी* र साँझ ९:०० बजे पुनः *स्पोर्टस् राउण्ड अप* थिए । साँझ ८:०० बजे *उपत्यकामा आज* कायमै थियो । यसरी विभिन्न समाचार बुलेटिनहरू थप गरिएपछि प्रारम्भमा १५ मिनेट मात्र रहेको समाचारको अवधि झन्डै १ घण्टा पुगेको थियो ।

२०५७ वैशाख १ बाट समाचार प्रसारणमा पुनः केही परिमार्जन गरी सातओटा बुलेटिन कायम गरिए । त्यस बेला दिउँसो ३:०० बजे १५ मिनेटको

---

[९] कान्तिपुर एफएमपछि रेडियो सगरमाथाले यसको सुरुआत गरेको हो (यद्यपि रेडियो सगरमाथाले उसको प्रसारणको सुरुदेखि नै विभिन्न कार्यक्रम- खास गरी *मिरमिरे भाका*मा अखबारका समसामयिक विषयवस्तु उठाउने गरे पनि बुलेटिनको स्वरूप दिइसकेको थिएन) । त्यसपछि केएटिएच एफएम (हाल इमेज एफएम कल साइन) ले सुरु गरेको हो । रेडियो सगरमाथाले *पत्रपत्रिकाको सँगालो* भन्ने गर्थ्यो भने केएटिएचले *इमेज हाइलाइट्स* भन्ने गर्थ्यो । यो क्रम पछिल्लो समयमा एचबीसी एफएम, क्लासिक एफएम (एफएम काठमाडौँ १०० मेगाहर्जको समय भाडामा लिएको बेला), टाइम्स एफएम, कम्युनिकेसन कर्नर लगायत नव स्थापित सबैजसो एफएमले 'म्यागेजिन शो' (रेडियो म्यागेजिन होइन) चलाइरहेका थिए । एफएमहरूले समाचार नभनी त्यसकै लागि प्रयोग गरेका शब्दहरूमा डायरी, हाइलाइट, खबर, गतिविधि, सँगालो, तेस्रो आँखा, परिक्रमा आदि थिए ।

[१०] *कान्तिपुर डायरी* नामको अखबार निस्कनुमा डायरीको प्रभाव र लोकप्रियता थियो भन्न सकिन्छ । अर्कोतर्फ यो साप्ताहिकको मास्टहेड *कान्तिपुर डायरी*को विज्ञापनका लागि प्रयोग गरिने डिजाइनसँग मिल्दोजुल्दो थियो ।

*तीन बजे* नामक नयाँ बुलेटिन थप गरियो भने साँझका सबै बुलेटिनहरू *(उपत्यकामा आज र स्पोर्टस् राउण्ड अप)* समेत गाभेर ६:३० बजे आधा घण्टाको *कान्तिपुर डायरी* बनाइयो । त्यस्तै बिहान ७:१५ बजे विज्ञान र प्रविधिसम्बन्धी




तस्बिर ७.१: विभिन्न अखबारका समाचारमा आधारित *कान्तिपुर डायरी*को *कान्तिपुर* २०५५ पुस १७, पृ. २ मा प्रकाशित विज्ञापन ।

समाचारका लागि *प्रोफेसर ९६.१* थप गरियो । यसो गर्दा समाचार प्रसारणका लागि छुट्ट्याइएको कुल समय बिस्तार भएर करिब १ घण्टा ४० मिनेट पुगेको थियो ।

२०५७ असोज २८ देखि बिहानका सबै बुलेटिनहरू (*प्रोफेसर ९६.१, बिजनेस डायरी, स्पोर्टस् राउण्ड अप* र *आर्ट एण्ड इन्टरटेनमेन्ट डायरी*) लाई बिहान ६:३०

बजेको *कान्तिपुर डायरी*मा गाभियो । त्यसपछि *कान्तिपुर डायरी*को समय १५ मिनेटबाट बढेर आधा घण्टा हुन पुग्यो । यसरी बिहानको सबै समाचारलाई पनि *कान्तिपुर डायरी*मा गाभेपछि सङ्ख्याका हिसाबले जम्माजम्मी तीनओटा समाचार बुलेटिन– बिहानको *कान्तिपुर डायरी,* दिउँसोको *तीन बजे* र साँझको *कान्तिपुर डायरी* दैनिक प्रसारण गरिए । त्यति बेला कान्तिपुर एफएममा समाचारले ओगटेको कुल समय १ घण्टा ४० मिनेटबाट घटेर १ घण्टा ३० मिनेट कायम भएको थियो ।

२०५८ असोज २८ देखि सबै समाचार बुलेटिनहरूलाई *कान्तिपुर समाचार* भन्न थालियो । २०५९ कात्तिक ९ देखि बिहान ८:०० बजे अङ्ग्रेजी समाचार *(कान्तिपुर न्यूज)* र मध्याह्न १२:०० बजे र राति ९:०० बजे गरी तीनओटा समाचार बुलेटिन थप गरिए । थपिएका बुलेटिनहरू बिहान ८:०० बजे, मध्याह्न १२:०० बजे र दिउँसो ३:०० बजेका बुलेटिनहरू १२ देखि १५ मिनेटका थिए भने बिहान ६:३०, साँझ ६:३० र राति ९:०० बजेका प्रत्येक बुलेटिनहरू आधा घण्टाका थिए । यसरी २०५९ कात्तिक ९ देखि कान्तिपुर एफएममा समाचारले जम्मा २ घण्टा १० मिनेट समय ओगटेको थियो । समाचार प्रसारणको यो अवस्थामा २०६१ माघ १९ गतेसम्म कुनै परिवर्तन आएको थिएन । कान्तिपुर एफएममा समाचार प्रसारणको विकासक्रमलाई तालिका ७.१ मा स्पष्ट पारिएको छ ।

कान्तिपुर एफएमले स्थापनाकालदेखि नै समाचारलाई प्राथमिकता दिँदै आएको थियो । कान्तिपुर एफएमका अध्यक्ष हेमराज ज्ञवाली एफएम स्थापना गर्नुको उद्देश्यबारे भन्नुहुन्छ– “२०४६ सालको जनआन्दोलनपछि पुनःस्थापित प्रजातन्त्रलाई दिगो र दरिलो बनाउन कान्तिपुर पब्लिकेशन्स् सुरु गरिएको हो । यसैअन्तर्गतको एफएम प्रसारण सेवाको उद्देश्य जनतालाई शिक्षित बनाउने, सुसूचित गराउने र स्वस्थ मनोरञ्जन दिने हो ।”[११] यो एफएमका प्रवर्द्धकहरू *कान्तिपुर* दैनिकसँग आबद्ध रहेकाले पनि समाचार प्राथमिकतामा पर्दै आएको हो । सञ्चार क्षेत्रबारे प्रवर्द्धकहरूको अनुभवले गर्दा पनि यस एफएमले आफ्नो लक्ष्य ‘इन्फोटेनमेन्ट’ (सूचना-मनोरञ्जन) निर्धारण गरेको हो ।[१२] कान्तिपुर एफएमले

---

[११] २०५५ असोज २८ गते एफएमको औपचारिक उद्घाटन समारोहमा अध्यक्ष ज्ञवालीले दिनुभएको मन्तव्यबाट । यो एफएम स्टेसनको उद्घाटन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गर्नुभएको थियो । सोही दिन स्टेसनको स्टुडियो अवलोकन गर्दा कोइरालाले “प्रविधि यति उच्चस्तरको भएछ कि मलाई दुई तीनओटा कोठामा सम्पूर्ण नेपाललाई समेटिएको अनुभूति भयो” भन्नुभएको थियो ।

[१२] यस एफएम रेडियोका प्रवर्द्धकहरूमा प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली र निर्देशक कैलाश सिरोहिया कान्तिपुर पब्लिकेशन्स् प्रा.लि.मा क्रमशः निर्देशक र प्रबन्ध निर्देशक हुनुहुन्छ ।

समाचारको प्रस्तुतीकरणलाई बीबीसी नेपाली सेवा जस्तै बनाउने सोच राखेको थियो । समाचार र समसामयिक गतिविधिमा आधारित बीबीसीको *चौतारी* कार्यक्रम जस्तै बनाउने लक्ष्य राखेर बुलेटिनका खण्ड विभाजन राष्ट्रिय, अन्तर्राष्ट्रिय र खेलकुद गरिएको थियो । २०५७ पछि समाचार अन्तर्वार्ता, रेडियो रिपोर्ट र जिल्ला संवाददाताले पठाएका रिपोर्टहरूलाई प्राथमिकता दिइनु यसैको प्रभाव थियो ।

**तालिका ७.१: कान्तिपुर एफएममा समाचारः सुरुदेखि २०६१ माघ १९ सम्म**

| बुलेटिनको नाम | प्रसारण समय | समय अवधि (मिनेटमा) | सुरु भएको मिति | कैफियत |
|---|---|---|---|---|
| उपत्यकामा आज | बेलुका ८:०० | ८-१० | २०५२ को अन्तदेखि | २०५७ वैशाख १ देखि बेलुका ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| कान्तिपुर डायरी | बिहान ७:१५ | १५ | २०५५ कात्तिक ११ | २०५५ पुस १७ देखि समय परिवर्तन गरी बिहान ६:३० मा लगिएको २०५७ असोज २८ देखि समय थप गरी ३० मिनेट पुऱ्याइएको |
| बिजनेस डायरी | बिहान ७:३० | ५-७ | २०५५ पुस १७ | २०५७ असोज २८ देखि बिहान ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| स्पोर्टस् राउण्ड अप | बिहान ९:०० | ५-७ | २०५५ पुस १७ | २०५७ असोज २८ देखि बिहान ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| | बेलुका ९:०० | ५-७ | २०५५ पुस १७ | २०५७ वैशाख १ देखि बेलुका ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| आर्ट एण्ड इन्टरटेनमेन्ट डायरी | बिहान १०:०० | ५-७ | २०५५ पुस १७ | २०५७ असोज २८ मा बिहान ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| कान्तिपुर डायरी | साँझ ६:३० | ३० | २०५७ वैशाख १ | बेलुकाको *उपत्यकामा आज* र *स्पोर्टस् राउण्ड अप* पनि यसैमा गाभिएको |
| प्रोफेसर ९६.१ (विज्ञान र प्रविधिसम्बन्धी) | बिहान ७:१५ | ५-७ | २०५७ वैशाख १ | २०५७ असोज २८ देखि बिहान ६:३० को *कान्तिपुर डायरी*मा गाभिएको |
| तीन बजे | दिउँसो ३:०० | १५-१८ | २०५७ वैशाख १ | २०५८ असोज २८ देखि *कान्तिपुर समाचार* भन्न थालिएको |
| कान्तिपुर समाचार | बिहान ८:०० | १० | २०५९ कात्तिक ९ | *कान्तिपुर न्यूज* (अङ्ग्रेजीमा) |
| | मध्याह्न १२:०० | १० | २०५९ कात्तिक ९ | |
| | बेलुका ९:०० | ३० | २०५९ कात्तिक ९ | |

स्रोतः व्यक्तिगत सङ्कलन ।

## समाचारका विशेषता

### *द्रुत गतिको प्रस्तुतीकरण*

कान्तिपुर एफएममा समाचार शाखामा कार्यरत व्यक्तिहरू रिपोर्टिङ, सम्पादन र वाचन सबै कार्यमा संलग्न हुनुपर्ने अवस्थाले गर्दा प्रस्तुति रवाफिलो एवं प्रभावकारी

बन्न सकेको हो । तुलनात्मक रूपमा यसमा समाचार प्रस्तुतीकरणको गति अलि तीव्र छ । कान्तिपुर एफएमको समाचार प्रस्तुतिलाई रुचाउनेहरू 'पिच र पज'[१३] को संयोजन राम्रो रहने गरेको तथा तीव्र गतिको प्रस्तुतीकरण प्रभावकारी भएको उल्लेख गर्दछन् । समाचारको प्रस्तुति चाँडो गर्ने चलन रेडियो नेपालको *घटना र विचार*बाट आफूले सुरु गरेकोमा कान्तिपुर एफएमले त्यसलाई निरन्तरता दिएको *घटना र विचार* कार्यक्रमका संस्थापक सञ्चालक पुरुषोत्तम दाहालको भनाइ छ ।[१४] अधिकांश समाचार राजनीतिक गतिविधिहरूमा नै केन्द्रित रहने हाम्रो समाजमा समाचारको गति तीव्र रहँदासमेत समाचार बुझ्न त्यति अप्ठ्यारो नपर्ने उहाँको तर्क छ ।

### *पुल ध्वनि अर्थात 'ब्रिज टचुन'*

कान्तिपुर एफएमको समाचार प्रस्तुतिमा प्रत्येक समाचारको बीचमा पुल ध्वनि बज्ने गर्दछ । सुरुका दिनमा यस्तो धुनको डिजाइन गर्दा समाचारकै लागि भनेर गरिएको हैन । तर पछिल्ला दिनहरूमा यो निकै लोकप्रिय भयो । ब्रिज टचुन दुईओटा थिए, लामो र छोटो । चार सेकेण्डको छोटो धुन प्रत्येक समाचारको अन्तमा बजाइन्थ्यो भने एघार सेकेण्डको लामो धुन 'सेगमेन्ट' को परिवर्तनसँगै बजाइन्थ्यो ।[१५] पछि समाचारको बीचमा विज्ञापन राख्न थालिएपछि लामो धुन बजाउन परेन । पछिल्ला समयमा समाचार सुरु गरेका अधिकांश एफएम स्टेसनहरूले पनि पुल ध्वनि राख्न सुरु गरे । यस्तो धुनले समाचारको पहिचान बनाइसकेको थियो । धुन बिनाको समाचार नै हुँदैन कि जस्तो लाग्थ्यो । पुल ध्वनिले समाचारमा भिन्दै प्रभाव ल्याई थप साङ्गीतिक बनाएर मिठास थपिदिने गर्दछ ।

### *फ्ल्यास न्यूज*

कान्तिपुर एफएमले स्थापनाकालदेखि नै आफूलाई अलि 'ग्ल्यामरस' रेडियो च्यानलका रूपमा प्रस्तुत गर्दै आएको छ । छुट्टै फ्रिक्वेन्सीमा आउँदा आफ्नो प्रसारणलाई फरक रूपमा प्रस्तुत गर्नु जरुरी थियो । 'सूचना मनोरञ्जन' आफ्नो

---

[१३] 'पिच' भन्नाले समाचार प्रस्तुतिमा स्वरको तह (आरोह, अवरोह) लाई जनाउँछ । कुनै शब्द वा वाक्यलाई विशेष जोड दिनुपर्दा पिच उच्च हुने गर्दछ । 'पज' भन्नाले समाचार प्रस्तुतिमा क्षणिक रूपमा अडिनु वा रोकिनु भन्ने बुझिन्छ । यी दुवैको समुचित संयोजन भएमा लयबद्ध बनाउन सकिन्छ ।

[१४] दाहालसँगको व्यक्तिगत कुराकानीमा आधारित ।

[१५] प्रारम्भमा समाचार शाखामा कार्यरत सबैजसो व्यक्तिहरू नयाँ भएकाले रेडियो समाचारका लागि अभ्यस्त थिएनन् । समाचार वाचनमा माझिएका व्यक्तिहरू पनि कमै थिए । त्यसैले समाचारको प्रस्तुतिका समयमा सम्भावित खोकी एवं गला सफा गर्नुपर्ने अवस्थालाई सहज बनाउनका लागि प्रत्येक समाचार सकिनेबित्तिकै ब्रिज टचुन राखियो । लामो खोकीका लागि लामो धुन र छोटो खोकीका लागि छोटो धुन राखिएको हो ।

लक्ष्य बनाएर प्रसारणमा आएको यो एफएम रेडियोले श्रोताहरूलाई आफूसँगै बाँधिरहनका लागि सूचनाहरू जुनसुकै क्षणमा दिने रणनीति अवलम्बन गऱ्यो । वर्षौंसम्म नेपाली प्रसारणका माध्यमहरूमा निर्धारित समयमा मात्र समाचार आउने गरेको स्थितिलाई परिवर्तन गर्दै जुनसुकै समयमा पनि समाचार प्रसारण गरेर रेडियो सुनिरहनुपर्ने अवस्था सृजना गर्न *फ्ल्यास न्यूज*को अवधारणा ल्याइएको हो । किनकि सङ्गीतका लागि मात्रै त अन्य स्टेसनहरू पनि थिए । कान्तिपुर एफएमले कुनै पनि ठूलो वा महत्त्व राख्ने घटना थाहा पाउनेबित्तिकै अन्य कार्यक्रमलाई रोकेर त्यस्तो सूचना प्रसारण गर्दथ्यो । यसलाई *फ्ल्यास न्यूज*को जिङ्गल बजाएर दिने गरिन्थ्यो । यसमार्फत घटनाको पूर्ण जानकारी दिनेभन्दा पनि समाचार ब्रेक गरिन्थ्यो ।[१६] तत्कालीन घटनाका थोरै मात्र विवरण प्राप्त हुन्थे । राजनीति एवं अन्य अपेक्षित घटनाका पृष्ठभूमि अगाडि नै थाहा हुने भए पनि *फ्ल्यास न्यूज* लामो हुँदैनथ्यो । विस्तृत विवरण नियमित बुलेटिनहरूमा राखिन्थ्यो । सूचनाको उत्पादनमा एफएमले स्थानीय बासिन्दालाई पनि साझेदारका रूपमा महत्त्व दिने रणनीति अवलम्बन गऱ्यो । स्थानीय बासिन्दाले दिने सूचनाहरू पनि आधिकारिक पुष्टि गरी प्रसारण गरिन्थ्यो । यसले गर्दा उनीहरूको सरोकार अरू तीव्र बन्यो । स्थानीय बासिन्दाले देखेका गतिविधिहरू पनि तत्कालै प्रसारणयोग्य हुनसक्दा रहेछन् भन्ने कुरा उनीहरूले अनुभव गर्न पाए र उनीहरू उत्साही भएका थिए ।

प्रारम्भिक प्रसारण (२०५५ असोज) देखि केही महिना *फ्ल्यास न्यूज*अन्तर्गत दिनभरिजसो नै ट्राफिक गतिविधि प्राथमिकताका साथ दिइएको थियो । काठमाडौँका सडक कुनै ठाउँमा जाम भएको, बन्द भएको तथा कतै दुर्घटना भएको जस्ता सूचनाहरू पाइएमा आधिकारिकता पुष्टि हुनेबित्तिकै प्रसारण गरिन्थ्यो (हेर्नुहोस् तस्बिर ७.२) । त्यसको केही महिनाभित्रमै हवाई उडानका गतिविधिहरू पनि प्रसारण गर्न थालिएको थियो । अलि पछि भने अन्य स्थानीय गतिविधि, ठूला घटना/दुर्घटना, विपत्तिका खबर एवं तरल राजनीतिक अवस्थाका गतिविधिहरूले पनि महत्त्व पाए । २०५६ सालको निर्वाचनको माहोल सुरु हुने समयसम्म कान्तिपुर एफएमले *फ्ल्यास न्यूज*लाई स्थापित गरिसकेको थियो ।

२०५५ कात्तिकमा कन्या माध्यमिक विद्यालय, लैनचौरका विद्यार्थी चाँगुनारायणमा पिकनिक जाँदा दुर्घटनामा परेको समाचार, २०५६ वैशाखमा

---

[१६] कान्तिपुर एफएमले अन्य घरेलु माध्यमहरूले अगाडि ब्रेक गरेका समाचारहरूलाई कहिल्यै पनि *फ्ल्यास न्यूज*मा प्रसारण गरेन ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का तत्कालीन अध्यक्ष मनमोहन अधिकारी चुनावी सभामा सहभागी हुँदा अचानक अस्वस्थ भएको घटना, २०५६ जेठ २४ मा काठमाडौँको क्षेत्र नं. १ को उपनिर्वाचनमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मतदाता परिचय पत्र नभएर मतदान नगरी फर्कनु परेको क्षण, २०५६



तस्बिर ७.२: आकस्मिक समाचार प्रसारणका लागि स्टुडियोमा *फ्ल्यास न्यूज* पढ्दै लेखक (सौजन्य: श्रीराम पौडेल)।

पुसमा भएको इण्डियन एयरलाइन्सको विमान अपहरण, नेपालभित्र भएका विभिन्न समयका विमान दुर्घटना र ठूलो क्षति हुने गरी भएका बस दुर्घटना, बारम्बार भइरहने पेट्रोलियम पदार्थको मूल्य वृद्धि, सरकार विघटन र गठन, एसएलसी परीक्षाको नतिजा प्रकाशन, माओवादीले सशस्त्र प्रहरी महानिरीक्षक कृष्णमोहन श्रेष्ठको हत्या गरेको लगायत थुप्रै घटनाहरू र तिनका अद्यावधिक समाचार (अपडेटेड स्टोरीहरू) *फ्ल्यास न्यूज*मार्फत प्रसारण गरिएका थिए। *फ्ल्यास न्यूज*मा माओवादी विद्रोहसँग सम्बन्धित घटनाहरू संयमित एवं नियन्त्रित रूपमा दिइएका थिए। *फ्ल्यास न्यूज*को एउटै मात्र उद्देश्य के थियो भने समाचार प्रसारणमा अन्य प्रतिस्पर्धी स्टेसनहरूलाई उछिन्ने। नियमित समाचार बुलेटिनमार्फत महत्त्व राख्ने घटनाहरू प्रसारण गर्दा ढिलो भइने अवस्थाले अन्य कार्यक्रमलाई रोकेर पनि समाचारलाई प्राथमिकता दिइएको थियो। यसबाट समाचारको उत्पादन र प्रसारण कार्य द्रुत हुने एवं काममा क्रियाशीलता बढ्ने भयो। यसले

गर्दा आन्तरिक रूपमा समाचार शाखाको महत्त्व र प्रभुत्व बढ्दै गयो भने बाह्य रूपमा स्टेसनको साख बढाउनमा मद्दत गऱ्यो ।

## समाचारका विषयः केही उल्लेखनीय प्रसङ्गहरू

### *पहिलो राजनीतिक समाचार*

सभामुखविरुद्ध महाभियोगको प्रस्तावसम्बन्धी समाचार नै कान्तिपुर एफएमबाट प्रसारित पहिलो राजनीतिक समाचार हो । २०५५ असोज २८ देखि औपचारिक प्रसारण हुनुअघिका दिनमा राजनीतिक वातावरण निक्कै तातिएको थियो । तत्कालीन संसदको १४ औँ अधिवेशनलाई स्थानीय स्वायत्त शासन ऐन पारित गर्ने विषयले तताएको थियो । सत्तारुढ नेपाली काङ्ग्रेस र प्रमुख विपक्षी एमालेबीच सो ऐन पारित गर्ने विषयमा मतैक्य थिएन । सभामुख रामचन्द्र पौडेलले जबरजस्ती सो ऐन (असोज १ गते) पारित गरेको आरोप एमालेले लगाएको थियो ।

असोज ७ गते सभामुख रामचन्द्र पौडेल र उपसभामुख लीला श्रेष्ठ सुब्बाविरुद्ध पद अनुकूलको आचरण नगरेको आरोपमा छुट्टाछुट्टै प्रस्ताव दर्ता भएका थिए । कान्तिपुर एफएमबाट प्रसारित पहिलो औपचारिक राजनीतिक समाचार नै यही थियो । त्यति बेला कान्तिपुर एफएमका समाचार शाखा प्रमुख प्रकाश रिमाल र मैले (समाचार लेख्ने म थिएँ) यो समाचारलाई नरम बनाउन र सम्भावित सरकारी दबाबलाई छल्न निक्कै कसरत गरेका थियौँ । संविधानले दिए पनि एफएम रेडियोबाट औपचारिक रूपमा समाचार प्रसारण गर्ने नीति नबनेको अवस्थामा सम्भावित सरकारी रवैयाका कारण हामी आत्तिएका थियौँ । सभामुख विरुद्धको प्रस्तावलाई बोलीचालीमा ‘महाभियोग प्रस्ताव’ भनिने भए पनि यो शब्द प्रयोग नगरी ‘आचरण विरुद्धको प्रस्ताव’ भनेका थियौँ । त्यस समयमा बेलुका ८:०० बजेको *उपत्यकामा आज* सरकारी स्वामित्वको एफएम काठमाडौँ १०० मेगाहर्जबाट पनि प्रसारित हुने भएकाले अप्ठ्यारो परेको थियो ।[१७] किनकि सरकारी माध्यमहरूबाट सरकारी पक्षलाई असहज हुने खालका समाचार प्रसारण भएमा त्यसबाट सिर्जना हुनसक्ने अप्ठेरोप्रति हामी सजग थियौँ । आचरण विरुद्धको प्रस्तावले संसद एक महिनासम्म तातेको थियो । २०५५ असोज ३० गते सभामुख विरुद्धको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले विफल भएपछि कात्तिक १ गते १४ औँ अधिवेशन सकिएको थियो ।

---

[१७] कान्तिपुर एफएम २०५५ असोज २८ देखि छुट्टै फ्रिक्वेन्सीबाट नियमित प्रसारण हुन थालेपछि पनि १०० मेगाहर्जसँगको करार अवधि बाँकी रहेकाले मङ्सिर महिनासम्म बेलुका ७:०० देखि १०:०० बजेसम्मका कार्यक्रम दुइटै फ्रिक्वेन्सीबाट प्रसारण हुन्थे ।

## *आम निर्वाचन २०५६*

२०५६ को आम निर्वाचनले कान्तिपुर एफएमलाई समाचारमा स्थापित गराएको हो । आम निर्वाचनलाई ध्यानमा राखेर कान्तिपुर एफएमले २०५५ चैत्र १७ देखि बेलुका ८:३० बजे *इलेक्शन वाच* र मतदान एवं मतगणनाका बेला *इलेक्शन वर्कशप* नामक समाचारमूलक कार्यक्रम नै सञ्चालन गऱ्यो (हेर्नुहोस् तस्बिर ७.३) ।




तस्बिर ७.३: २०५६ सालको आमनिर्वाचनबारे कार्यक्रम *इलेक्शन वाच*को *कान्तिपुर* २०५५ चैत १६, पृ. २ मा प्रकाशित विज्ञापन ।

*इलेक्शन वाच*मा निर्वाचन क्षेत्र, उम्मेद्‌वार, राजनीतिक एजेण्डा, उनीहरूको स्थिति र भनाइसहित विश्लेषणात्मक प्रस्तुति थियो भने *इलेक्सन वर्कशप* मतदानका

गतिविधि र गणनाको जानकारी पस्किनमा केन्द्रित थियो । आम निर्वाचनका गतिविधि र मत परिणामबारेको जानकारी विस्तृत एवं द्रुत गतिमा जनसमक्ष पुगेको यो नै पहिलो अवसर थियो । मतगणनाको परिणाम सार्वजनिक हुँदाको समयमा यो रेडियो सुन्नेको सङ्ख्या अहिलेसम्मकै उच्च रहेको अनुमान छ । यही कामबाट सबै तप्काका व्यक्तिहरूको साथी बन्न कान्तिपुर एफएम सफल भएको हो ।

निर्वाचनका बेला एफएम रेडियोले गरेको योगदानपछि यी रेडियोलाई हेर्ने सरकारी दृष्टिकोणमा परिवर्तन आएको कुरालाई कसैले पनि नकार्न सक्दैन । एफएम किशोर किशोरीका लागि मात्र हो भन्ने धारणा यो निर्वाचनमा कान्तिपुर एफएमले देखाएको सक्रियतापछि क्रमशः हट्दै गएको हो । यही प्रसङ्गमा कान्तिपुर एफएमका संस्थापक स्टेसन म्यानेजर शरदराज गौतम भन्नुहुन्छ– “एफएम बढी विश्वसनीय भए कि निर्णयकर्ताहरू बढी विवश, त्यो अझै मैले खुट्ट्याउन सकेको छैन । तर, निक्यौंल के हो भने एफएमका सूचना र संवादले निर्णयकर्ताहरू परम्परागत रूपमा आफूखुसी र मनोगत निर्णय गर्नबाट हच्किएका छन् । चौथो अङ्गको जिम्मेवारीको पाटोमा यहींनेर एफएमले आफ्नो भूमिका देखाएको छ जस्तो लाग्छ” (गौतम २०५७: ६३) ।

## *एमाले अध्यक्ष अधिकारीको निधन*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष मनमोहन अधिकारीको अस्वस्थताको समाचार सार्वजनिक गर्दा कान्तिपुर एफएमले अवाञ्छित खप्की खानुपरेको थियो । २०५६ वैशाख ६ गते काठमाडौंको गोठाटारमा चुनावी आमसभालाई सम्बोधन गर्न पुगेका एमालेका अध्यक्ष मनमोहन अधिकारी १०:३० बजेतिर अचानक बेहोस भएपछि त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालमा भर्ना गरिएका थिए । भावी प्रधानमन्त्रीका रूपमा हेरिएका व्यक्तिको अस्वस्थता पक्कै पनि चासोको विषय रहने नै भयो । कान्तिपुर एफएमले यो समाचारलाई प्राथमिकताका साथ प्रसारण गरेको थियो । दिउँसो १:०० बजेसम्ममा यही विषयमा तीनओटा फ्ल्यास न्यूज प्रसारण भइसकेका थिए ।

पहिलो समाचारमा उहाँ अस्वस्थ भई शिक्षण अस्पतालमा भर्ना गरिएको उल्लेख थियो भने दोस्रोमा उहाँको अवस्था चिन्ताजनक एवं गम्भीर रहेको अस्पतालको भनाइ सहितको समाचार थियो । उहाँलाई सघन उपचार कक्ष (आइसियु) मा भर्ना गरिएको थियो । तर त्यस बेला ‘एफएमले उहाँको निधन भइसक्यो भन्यो’ भनेर खास गरी एमालेका कार्यकर्ताहरूले कान्तिपुर एफएमलाई धम्कीसमेत दिएका थिए । त्यसो भनेकै छैन भन्ने बारम्बारको स्पष्टीकरणलाई उनीहरूले स्वीकार्न सकेनन् । चौथो बुलेटिनमा अधिकारीको स्वास्थ्य स्थितिबारे

अस्पतालका निर्देशकले दिएको अडियो नै प्रसारण गरिएको थियो । त्यस बेलासम्म शिक्षण अस्पतालमा एमालेका नेता, कार्यकर्ता एवं शुभेच्छुकहरूको भिड बढिसकेको थियो । त्यस बेला उनीहरू कान्तिपुर एफएमप्रति रुष्ट बनिसकेका थिए । यस विषयमा एमालेका अन्य शीर्ष नेताहरूले पनि एफएम स्टेसनसँग सोधपुछ गरेका थिए र हामीले प्रसारण गरेका सबै समाचारको अडियो सुनाउनु परेको थियो । सुरुदेखि नै आइसियुमा राखिएका अधिकारीको २०५६ वैशाख १३ गते निधन भएको घोषणा गरिएको थियो ।

### *प्रधानमन्त्रीले नै मतदान गर्न पाएनन्*

मनमोहन अधिकारीको निधनपछि उहाँले उम्मेदवारी दिएको काठमाडौँको निर्वाचन क्षेत्र नं १ र ३ को निर्वाचन निर्धारित मिति (वैशाख २०) मा हुन सकेन र जेठ २४ गते निर्वाचनको मिति तोकिएको थियो । ती क्षेत्रमा भएको निर्वाचनमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मतदान गर्न पाउनुभएन ।[१८] निर्वाचन क्षेत्र नं १ मा भोट हाल्न जानुभएका भट्टराईले परिचय पत्र नभएर मतदान केन्द्रमै कुरिरहेको क्षण र मतदान गर्न नपाएपछि फर्कनुपरेको अवस्थाको कान्तिपुर एफएमले महत्त्वका साथ मतदान केन्द्रबाटै प्रत्यक्ष प्रसारण गरेको थियो । बानेश्वरको प्याराडाइज एकेडेमी मतदान केन्द्रमा परिचय पत्र नभए पनि कर्मचारीलाई दबाबमा पारेर भट्टराईले झन्डै भोट खसालिसक्नुभएको थियो । तर विपक्षीको विरोध बढेपछि उहाँले मतदान केन्द्र छोड्नु परेको थियो । त्यस बेलासम्म अधिराज्यका १३ ओटा निर्वाचन क्षेत्रमा परिचय पत्र लागू भइसकेको थियो ।

### *धुनको माध्यमबाट प्रस्तुत गरिएको दरवार हत्याकाण्ड*

२०५८ जेठ १९ गते राति भएको राजदरवार हत्याकाण्डको समाचार दिन नसक्नु नेपाली सञ्चार इतिहासमा विडम्बनापूर्ण अवस्था बनेको मेरो अनुभव छ । राजदरवारमा भएको हत्याकाण्डको खबर त्यसै दिन राति १२:०० बजेपछि करिब करिब काठमाडौँ उपत्यकामा फैलिइसकेको थियो । सोहीअनुरूप कान्तिपुर एफएमका स्टेसन म्यानेजर र समाचार शाखाका प्रमुख व्यक्तिहरू राति १:०० बजेसम्म कार्यालयमा पुगिसकेका थियौँ । हाम्रो सम्पर्कले भ्याएसम्म सो घटनाबारे

---

[१८] २०५६ को आम निर्वाचनमा नेपाली काङ्ग्रेसका भूतपूर्व सभापति कृष्णप्रसाद भट्टराईले काठमाडौँ र पर्साबाट उम्मेदवारी दिनुभएको थियो । वैशाख २० र जेठ ३ गते दुई चरणमा सम्पन्न सो निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत ल्याएको थियो भने भट्टराई पर्साबाट विजयी हुनुभएको थियो । काठमाडौँका दुई क्षेत्रमा निर्वाचन हुनु अगावै उहाँ प्रधानमन्त्री बनिसक्नुभएको थियो ।

सोधखोज गर्ने काम रातभरि जारी रह्यो । राजदरबार र सरकारी निकायबाट घटनाबारे आधिकारिक जानकारी आउन नसके पनि घटनाबारे करिबकरिब सबैलाई थाहा भइसकेको थियो । हामीले पनि बिहान ६:०० बजेसम्ममा समाचार तयार गरिसकेका थियौँ र शाब्दिक रूपमा राजाको निधन भएको सङ्केतसम्म नपाउने गरी समाचारको तयारी भएको थियो । हामीले त्यस बेला बनाएको समाचार– “राजदरबारमा गए राति अनपेक्षित घटना भएको छ, जसबाट श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी र राजपरिवारका अन्य सदस्यहरू घाइते होइबक्सेको छ । मौसूफहरूलाई अहिले छाउनीस्थित सैनिक अस्पतालमा राखिएको छ” भन्ने बेहोराको थियो ।

हामी यो समाचार प्रसारण गर्ने पक्षमा नै थियौँ । सँगसँगै सरकारबाट कुनै घोषणा वा जानकारी आउला कि भन्ने अपेक्षा पनि थियो । बिहान उज्यालो भएपछि नै काठमाडौँबासीहरूबाट घटनाबारे जानकारी लिन एफएम स्टेसनमा थुप्रै फोनहरू आएका थिए । राजदरबारमा के भएको हो भनेर थुप्रैले सोधेका थिए । तपाईंले के सुन्नु भयो र ? भन्ने हाम्रो जिज्ञासामा उनीहरूले “राजदरबारमा ठूलै अनर्थ भइसक्यो रे” भनेका थिए । हामीले पनि आधिकारिक भनाइ प्राप्त भइनसकेको अवस्थामा उनीहरूले सुनेको कुरामा सही थापिरहेका थियौँ– “हामीले पनि सुनेको त्यस्तै नै हो ।”

बिहानको ६:३० बजेको हाम्रो समाचार बुलेटिनअगाडि नै समाचार बुलेटिन रहेका अन्य एफएमहरूले भने यसबारे केही जानकारी दिएका थिएनन् । त्यसैले ६:३० बजेको *कान्तिपुर डायरी*को लागि सबैको प्रतिक्षा थियो । जब समाचार वाचनका लागि मैले समाचार लिएर जान के लागेको थिएँ, स्टेसन म्यानेजर शरदराज गौतमले राजदरबार घटनाको समाचार नराख्ने बताएपछि सबैजना एकदमै निराश भयौँ । समाचार संयोजक सोहन श्रेष्ठ, म र अन्य साथीले किन भन्ने प्रश्न गर्‍यौँ । उहाँले सूचना तथा सञ्चारमन्त्री र सञ्चार सचिवले फोन गरेर ‘नराख्नू’ भन्ने निर्देशन दिएको जानकारी गराउनुभयो । अब के गर्ने त भन्ने भयो । त्यस बिहान अन्य समाचारको कुनै अर्थ थिएन । रातभरिको मेहेनत पनि काम लागेन । यत्तिकैमा समाचार बुलेटिन रोक्नुहुन्न भन्ने निष्कर्ष निकालियो र म स्टुडियोतिर लागेँ । त्यस दिन आन्तरिक कलहमा फसेको नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अघिल्लो दिन कतै गरेको भाषण नै प्रमुख समाचार बनेको थियो ।

त्यस बिहानको समाचार प्रस्तुति कुनै स्वाद बिनाको उसिनेको तरकारी जस्तो लाग्थ्यो । समाचार बुलेटिनको समय ३० मिनेट भए पनि त्यस बिहान केवल १२ मिनेट मात्र पढेर मैले समाचार समाप्त गरेको थिएँ । राजदरवारको घटना समाचारमा

नपरेपछि स्थानीय जनताले फोनमार्फत चेतावनी दिँदै कान्तिपुरप्रतिको आफ्नो विश्वास गुमेको जनाउ दिएका थिए । प्रशासनिक रवैयाविपरीत जान नसक्ने नेपाली सञ्चार क्षेत्रको बाध्यताले जनअपेक्षालाई कुनै सहयोग गर्न सकेन । यसपछि सबैजनाले सरकारी स्वामित्वको रेडियो नेपालले के गर्छ हेरौँ भन्ने भयो । रेडियो नेपालले पनि बिहान ७:०० बजेको समाचार सुरु हुने समयदेखि शोक धुन बजाउन सुरु गऱ्यो । त्यही शोक धुन नै समाचार बुझ्न काफी भयो । त्यसपछि रेडियो र टेलिभिजनबाट सबै सूचनामूलक र मनोरञ्जनात्मक कार्यक्रम बन्द भए । २०५८ जेठ २२ मा श्री ५ ज्ञानेन्द्रलाई नेपाल अधिराज्यको महाराजाधिराज घोषणा गरिएको समाचार कान्तिपुर एफएमबाट मैले नै सबैभन्दा पहिला पढेको थिएँ । यो समाचारमा कान्तिपुर एफएमले रेडियो नेपाललाई मात्र बीस सेकेण्डले उछिनेको थियो ।

## *एसएलसी नतिजा र एफएम*

एसएलसी परीक्षाका नतिजा प्रकाशन भएपछि त्यसलाई चाँडै जनस्तरसम्म पुऱ्याउनका लागि एफएम रेडियोहरूले सरकारी निकायलाई ठूलै दबाब दिन सफल रहे । कान्तिपुर एफएम प्रसारणमा आएदेखि नै हरेक वर्ष एसएलसी परीक्षाका नतिजाको समाचार प्राथमिकताका साथ दिँदै आएको छ । २०५६ देखि २०६१ सम्मका एसएलसी परीक्षाको नतिजा सबैभन्दा पहिला सार्वजनिक गर्न यो एफएम सफल रह्यो ।[१९] यस एफएमले एसएलसी नतिजा प्रकाशनसम्बन्धी समाचार बिहान ४:०० बजेदेखि नै प्रसारण गर्न सफल रह्यो । यसअधिका समयमा बिहान ७:०० बजे रेडियो नेपालबाट समाचार दिएपछि मात्रै सर्वसाधारणले थाहा पाउँथे ।

कान्तिपुर एफएमले पहिलो पटक २०५६ असार २० गते भएको एसएलसीको नतिजा प्रकाशनको समाचार सबैभन्दा पहिला प्रसारण गऱ्यो । परीक्षा नियन्त्रण कार्यालयले *गोरखापत्र* दैनिकमा नतिजाको पूर्ण विवरण छपाउने गर्दछ । नतिजा सार्वजनिक भएको खबर सबेरै पाएर गोरखापत्र संस्थानको कार्यालयमै पुगेका

---

[१९] परीक्षा नियन्त्रण कार्यालय (पनिका) ले एसएलसीको नतिजा हरेक वर्ष राति १२:०० बजेपछि मात्रै सार्वजनिक गर्दछ । केही वर्षयता नतिजा सार्वजनिक हुने दिन निजी सञ्चारमाध्यमका संवाददाताहरू रातभरि जसो नै पनिकाको कार्यलय, भक्तपुरमा पुगेर नतिजा कुरेर बस्ने गरे पनि पनिकाले सहज रूपमा नतिजा दिने गरेको छैन । हरेक वर्ष नतिजा पाउन पनिकाका अधिकारीहरूसँग द्वन्द्व बढ्ने गरेको छ । रातभरि नसुतेर नतिजा प्राप्त गरेपछि कान्तिपुर एफएममा हामीले सर्वोत्कृष्ट हुने छात्रछात्रालाई राति नै सूचित गरेर उज्यालो हुने बेलासम्म उनीहरूको अन्तर्वार्ता लिन सफल हुँदै आएका थियौँ । २०५६ देखि २०६१ सम्मका एसएलसीका नतिजा सार्वजनिक र सर्वोत्कृष्ट छात्रछात्रासँगको अन्तर्वार्ता प्रसारण गर्न कान्तिपुर एफएम अगाडि रह्यो । २०६१ माघ १९ को शाही घोषणापछि एफएम रेडियोमा समाचारमा लागेको प्रतिबन्धका कारण २०६२ को नतिजा एफएमहरूबाट प्रसारण हुन पाएन ।

सर्वसाधारणले सो वर्ष बिहान ८:०० बजेसम्म पनि पत्रिका पाउन नसके पछि हुलहुज्जत भएको थियो र लाठीचार्जसमेत भएको थियो । जे होस्, निजी क्षेत्रका माध्यमहरू (खास गरी एफएम रेडियो) कै दबाबका कारण नतिजा सार्वजनिक गर्ने परिपाटीमा थुप्रै सुधार भएका छन् । त्यसपछिका केही वर्षदेखि वेबसाइट, फोन र पत्रिकामार्फत नतिजा सार्वजनिक गरेर सर्वसुलभ बनाउने प्रयास गरेको देखिन्छ ।

## *सबैभन्दा उच्चस्थानबाट रिपोर्टिङ*

कान्तिपुर एफएमले विश्वकै सबैभन्दा उच्चस्थानबाट समेत रिपोर्टिङ गरेको छ । २०६० जेठ ८ गते (२००३ मे २२) मा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका *कान्तिपुर* दैनिकका पत्रकार आङछिरिङ शेर्पाले सगरमाथाको चौथो आधारशिविरबाट कान्तिपुर एफएमका लागि रिपोर्टिङ गरेका थिए । स्याटेलाइट फोनमार्फत उनले आफ्नो रिपोर्ट रेकर्ड गराएका थिए । स्याटेलाइट फोनको सम्पर्क बारम्बार विच्छेद भइरहँदा झन्डै डेढ मिनेट लामो रिपोर्ट रेकर्ड गर्न आठ पटकसम्म सम्पर्क गर्नुपरेको थियो । प्रत्येक सम्पर्कमा एक दुई वाक्यमात्र रेकर्ड गर्न सकिएको थियो । प्रख्यात आरोही बाबुछिरी शेर्पाले २०५६ वैशाख २३ गते बिनाअक्सिजन सगरमाथाको शिखरमा २१ घण्टा बसेर नयाँ कीर्तिमान कायम गरेपश्चात् फर्किने क्रममा लिइएको अन्तर्वार्ता डायरीमा बजाइएको थियो ।[२०]

## समाचारको स्रोत

समाचारका स्रोतहरूलाई गणितीय रूपमा उल्लेख गर्न त मिल्दैन तर औपचारिक र अनौपचारिक गरी दुई वर्गमा विभाजन गरेर उल्लेख गर्ने चलन छ । औपचारिक स्रोतमा सरकार, यसका एकाईहरू, राजनीतिक दलसहित विभिन्न संस्थाका कार्यक्रम, गतिविधि र उनीहरूले जारी गर्ने प्रेस विज्ञप्ति पर्दछन् । औपचारिक स्रोतहरूबाट औपचारिक गतिविधिका समाचारहरू मात्र प्राप्त हुने गर्दछन् । तर नेपाली प्रेस ज्यादा रूपमा अनौपचारिक स्रोतमा निर्भर रहेको छ । सूचनाका अनौपचारिक स्रोतहरूलाई स्पष्ट रूपमा उल्लेख गर्न मुश्किल पर्दछ ।

---

[२०] २६ गते उनी आधारशिविरतर्फ फर्कंदा कान्तिपुर एफएमबाट मैले प्रत्यक्ष अन्तर्वार्ता लिएको थिएँ । त्यस अवसरमा शिखरमा रहँदा वाकीटकीबाट साथीहरूसँग गफ गरेको र रेडियो सुनेर रात बिताएको उनले बताएका थिए । रातको समयमा उनीसँग भएको रेडियोले काठमाडौँका बासिन्दाले नेवारीमा गरेको गफ टिपेकाले समय काट्न सहयोग गरेको थियो । २१ घण्टासम्म शिखरमा बस्दा निद्रा नलागेको उनले बताएका थिए । टुप्पोबाट के देखियो भन्ने प्रश्नमा उनले भने– “सबै सम्मै, केही देखिएन । वरिपरिका हिमाल पनि सानासाना देखिए ।” बाबुछिरीले त्यसअघि नै सातपटकसम्म बिनाअक्सिजन सगरमाथाको सफल आरोहण गरेका थिए ।

सूचना आफै आउँदैन, यसको सृजना वा उत्खनन् गर्नु जरुरी हुन्छ । विभिन्न व्यक्ति वा निकायसँगको व्यक्तिगत सम्पर्क, सम्बन्ध, टेलिफोन वार्ता एवं निजी अन्तर्क्रिया र उनीहरूका गतिविधिको अनुगमन नै समाचारको अनौपचारिक स्रोत बन्न सक्दछ । सरकारी वा गैर सरकारी दुवै क्षेत्रमा सूचनाको प्रवाहलाई हतोत्साहित गर्ने वा लुकाउने चलन पुरानै हो । नेपालमा छापा माध्यमको तुलनामा प्रसारण माध्यमहरूमा औपचारिक स्रोतका समाचारहरूको प्रयोग ज्यादा हुने गरेको छ । विभिन्न कार्यालयहरू, सहर, प्रहरी, सेना, सरकारी निकाय, गैर सरकारी संस्था, विभिन्न व्यक्तित्व, विभिन्न संस्थामा कार्यरत अधिकारीहरू, कलाकार, खेलाडी, अस्पताल, खेल मैदान, विकास संस्थाहरू, योजनाकार, आयोजना अधिकृत, संसद, सांसद, मन्त्रीहरू सबै कुनै न कुनै रूपमा समाचारका औपचारिक र अनौपचारिक स्रोत बन्दछन् ।

कान्तिपुर एफएमको समाचार उत्पादनमा माथि उल्लेख गरिएका सबै खाले स्रोतहरू प्रयोग हुने गरेका थिए । घरेलु गतिविधिका लागि केन्द्र र जिल्लामा रहेका आफ्नै संवाददाता, भातृ संस्थाको सहयोग, अन्य माध्यमहरू, स्थानीय बासिन्दा, सरोकारवाला र शुभचिन्तकहरू प्राथमिक स्रोत थिए । यस्ता सूचनाको प्रशोधन समाचार डेस्कले नै गर्दछ । आफ्ना संवाददाताबाट आएका समाचारको आधिकारिकता, सत्यता र निष्पक्षताका लागि धेरै शङ्का गरिरहनु पर्दैन । यसमा पनि कहिलेकाहीँ पुष्टि भइनसकेको, शङ्कास्पद रहेको, असन्तुलित रहेको, भिन्न ठाउँका एकैखाले गतिविधिलाई एकिकृत गर्नुपर्ने अवस्था तथा औपचारिकता आवश्यक पर्ने अवस्थामा भने स्टेसनमा रहेको समाचार डेस्कले नै थप सूचना सङ्कलन गरेर सम्पादन गर्दछ । यसै गरी समाचारको प्राथमिकताको निर्धारण डेस्कबाट नै हुने गर्दछ । आफ्नो समूहले गर्न नसकेको अवस्था वा छुटेको अवस्थामा भातृ संस्था (कान्तिपुर पब्लिकेशन्स्का विभिन्न एकाईहरू) सँग सहयोग लिने गरिन्छ । यस्तो सहयोग संस्थागत भन्न मिल्ने खालको छैन किनकि दुवैतर्फ भिन्न समूह कार्यरत छन् र माध्यमअनुरूप आफ्नै शैलीमा चल्ने गरेका छन् । तर छाता सङ्गठन (कान्तिपुर पब्लिकेशन्स्) का विभिन्न एकाई भित्रको व्यक्तिगत सम्बन्ध समाचार आदान-प्रदानमा ज्यादा प्रभावकारी रहेको देखिन्छ ।

यसै गरी राष्ट्रिय गतिविधिहरूका लागि घरेलु अन्य सञ्चारमाध्यमहरू अनुगमन (मनिटरिङ) गरिन्छ । यसबाट आफ्नो समाचारले समेटेका विषयवस्तुको प्रभाव, छुटेका विषयवस्तु र नपुग विषयवस्तुका बारेमा आफ्नो स्थिति थाहा पाउन सजिलो हुने गर्दछ साथै छुटेका विषयवस्तुलाई समेट्न थप सोधखोजमा सजिलो हुने गर्दछ । सरकारी गतिविधिका लागि सरकार नियन्त्रित माध्यमहरूको

अनुगमन गरिन्छ भने अपडेटेड हुने स्टोरीहरूका लागि पनि अन्य प्रतिस्पर्धी माध्यमहरूको अनुगमन गरिन्छ । अर्कोतर्फ स्थानीय बासिन्दा, स्टेसनका शुभचिन्तक र सरोकारवालाहरूबाट पनि सूचना प्राप्त हुने गर्दछन् । त्यस्ता सूचनाको समाचारीय महत्त्व बुझेपछि थप विवरण सङ्कलन एवं आधिकारिकताबारे सम्बन्धित निकाय वा व्यक्तिहरूसँग सम्पर्क गरिन्छ । चर्चित व्यक्तिको अस्वस्थता, निधन, महत्त्वपूर्ण भेटघाट, आगलागी, विष्फोटका सूचना, सरकारी निकाय वा व्यक्तिका हेलचक्र्याईपूर्ण गतिविधि लगायतका खबरहरू स्थानीय बासिन्दा एवं शुभचिन्तकहरूबाट सूचनाका रूपमा प्राप्त हुन्छन् ।

अन्तर्राष्ट्रिय गतिविधि, अन्तर्राष्ट्रिय खेलकुद र नेपालसम्बन्धी आउन सक्ने बाह्य गतिविधिका लागि इन्टरनेट र समाचार एजेन्सी प्रमुख स्रोत हुन् । नेपाली सञ्चारमाध्यमले स्रोतका रूपमा ज्यादा प्रचलनमा ल्याउने समाचार एजेन्सीहरूमा पीटीआई, एपी, एएफपी, सिन्ह्वा र रोयटर्स पर्दछन् ।[२१] तर रेडियोका लागि यी एजेन्सीहरूभन्दा पनि अन्तर्राष्ट्रिय अनलाइन सेवाहरू ज्यादा प्रयोग गरिन्छन् । बीबीसी, सिएनएनका अनलाईन सेवा ज्यादा प्रयोग हुने गर्दछन् भने राष्ट्र विशेष समाचारका लागि स्थानीय क्षेत्रका साइटहरू जस्तो भारतको समाचारका लागि टाइम्स अफ इण्डिया, एनडीटिभी, पीटीआई, पाकिस्तानका लागि जङ्ग, डन, श्रीलङ्काको तामिल विद्रोहीका बारेमा तामिल नेट (अनलाइन सेवा) प्रयोग गरिन्छ ।

यसै गरी खेलकुदका लागि भने 'इभेन्ट' अनुरूपका 'अफिसियल साइट' र टेलिभिजन च्यानलहरू धेरै रहने गरेका छन् । फिफा, क्रिकेट नेक्स्ट, क्रिकेट इन्फो, एटिपी, विम्बल्डन, ओलम्पिकका लागि छुट्टै औपचारिक साइटहरूले अनलाइन अपडेट गरिरहेका हुन्छन् । त्यस्तै प्रत्यक्ष प्रसारणका खेलहरूमा उपलब्ध भएसम्म खेलकुदका टेलिभिजन च्यानलहरू– टेन स्पोर्टस्, इएसपिएन, स्टार स्पोर्टस्, सोनी (क्रिकेट) ज्यादा प्रयोग हुनेमा पर्दछन् । बाह्य खेलकुद गतिविधिमा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरू खास गरी क्रिकेट, फुटबल, टेबुल टेनिस प्राथमिकतामा रहेका छन् ।

## समाचारको वर्गीकरण र प्राथमिकता

कान्तिपुर एफएममा खास गरी समाचारलाई तीन खण्डमा बाँडिएको थियो । राष्ट्रिय, अन्तर्राष्ट्रिय र खेलकुद । राष्ट्रिय गतिविधिअन्तर्गत सरकारका निर्णय, गतिविधि र क्रियाकलाप; विभिन्न दलका गतिविधि; नेताका भनाइ; न्यायिक क्षेत्र;

---

[२१] पीटीआई (प्रेस ट्रस्ट अफ इण्डिया), एपी (एसोसिएटेड प्रेस), एएफपी (आजन्स फ्रान्स प्रेस), सिन्ह्वा र रोयटर्स क्रमशः भारत, अमेरिका, फ्रान्स, चीन र बेलायतका समाचार एजेन्सीहरू हुन् ।

प्रशासन; पर्यटन एवं पर्वतारोहण; अर्थ वाणिज्य; घटना/दुर्घटना; माओवादी विद्रोह र तिनका गतिविधि लगायत अन्य नियमित गतिविधिहरू पर्दथे । राष्ट्रिय गतिविधिहरूको प्राथमिकताका लागि स्पष्ट मार्गनिर्देशन थिएन । तापनि राजाका गतिविधिसम्बन्धी समाचार सधैं पहिला दिइन्थ्यो । अन्य राष्ट्रिय गतिविधिहरू समाचारीय महत्त्वका आधारमा प्राथमिकता क्रममा अघिपछि पर्दथे । न्यायिक क्षेत्रका गतिविधि खास गरी सर्वोच्च अदालत र विभिन्न मुद्दा मामिलामा पछिल्लो अवधिमा सक्रिय रहेको विशेष अदालतका गतिविधिहरू पहिलो प्राथमिकतामा नै पर्दथे । माओवादी गतिविधि र तिनका प्रभाव नचाहेरै पनि (हत्या हिंसा र दमन कसलाई पो मन पर्छ र ?) समाचारको प्राथमिकतामा परेका थिए । कहिलेकाहीँ त हत्या हिंसाका समाचार मात्रै हुने गरेका थिए । अर्थ वाणिज्यलाई पनि त्यतिकै माया गरिएको हो । धितोपत्र (शेयर) कारोबारसम्बन्धी समाचार दिने कार्य कान्तिपुर एफएमले नै सुरु गरेको हो । यसका अतिरिक्त पर्यटन, पर्वतारोहण, विकट क्षेत्रका पीडा, प्रशासनिक ढिलासुस्ती आदिबारे प्राथमिकताका साथ समाचार दिइएका थिए ।

अन्तर्राष्ट्रिय गतिविधिमा अन्तर्राष्ट्रिय समाचार संस्था, टेलिभिजन च्यानल र अनलाइन सेवाहरूबाट प्राथमिकताका साथ आउने समाचारहरूमध्येबाट लिइन्थ्यो । नेपालको सरोकार रहने गतिविधि, निकटताको हिसाबमा क्षेत्रीय सङ्गठन र राष्ट्रहरू एवं अन्तर्राष्ट्रिय सङ्गठनहरूको गतिविधिका समाचारहरूले महत्त्व पाउँथे । यस बाहेकका अन्तर्राष्ट्रिय समाचारहरूमा भने समाचारीय महत्त्व र स्रोत एजेन्सीहरूले दिएको प्राथमिकता नै छनोटको आधार बन्दथ्यो । खेलकुदका घरेलु समाचारहरूमा राष्ट्रिय स्तरका प्रतियोगिता, क्षेत्रीय स्तरका प्रतिस्पर्धा र कहिलेकाहीँ एफएम रेडियोको प्रसारण पहुँच भएका स्थानीय क्षेत्रका गतिविधिहरू पनि समेटिन्थे । अन्तर्राष्ट्रिय खेलकुद गतिविधिमा भने फुटबल, क्रिकेट, टेनिसलगायत अन्य प्रतियोगिताहरू प्राथमिकतामा पर्दथे । घरेलु खेलकुद निःसन्देह प्राथमिकतामा पर्थ्यो । अन्य क्षेत्रका समाचारहरूभन्दा खेलकुद निष्पक्ष, स्वतन्त्र र सन्तुलित बन्ने क्षेत्र हो ।

समाचारको प्राथमिकतामा सधैँ खट्किने पक्ष के हो भने कहिलेकाहीँ नेपाल र नेपालीको सरोकार नै नरहने अन्तर्राष्ट्रिय र खेलकुदका घटनाहरूले समाचारको ठूलो आयतन ओगट्ने गरेका थिए । जबकि मुलुकभित्रकै क्षेत्रीय र स्थानीय गतिविधिहरू प्रसारण हुन पाउँदैनथे । जस्तोः अमेरिकी राष्ट्रपति, विदेश मन्त्री तथा रक्षा मन्त्री कुनै राष्ट्रको भ्रमणमा गएमा भ्रमण तालिकासहित समाचार प्रसारण हुन्थे । अझ कहिलेकाहीँ त नाम नै नसुनेको राष्ट्र र ठाउँका सामान्य

गतिविधिसमेत पनि समाचारमा पर्न आउँथे । नेपालसँग कुनै सरोकार नै नरहने थुप्रै त्यस प्रकारका समाचारको प्रभाव के हुने र त्यस समाचारबाट नेपाली श्रोता सुसूचित हुनुको फाइदा के ? भन्ने कुरामा अध्ययन र विश्लेषण हुनु जरुरी छ । मध्यपूर्व वा महाशक्ति सम्पन्न राष्ट्रहरूको स्वार्थ रहेका कतिपय ठाउँहरूमा स्थानीय विद्रोही वा द्वन्द्वरत पक्षबाट चार जनाको अपहरण भएका समाचार हेडलाइनसहित प्रसारण भएको समयमा नेपालभित्रै सयौँ नेपालीहरूको अपहरण र मृत्यु समाचार नबनेका थुप्रै उदाहरण पनि छन् । खेलकुदका प्रसङ्गमा पनि यो स्थिति विद्यमान छ ।[२२]

## प्रशासनिक वा व्यवस्थापकीय हस्तक्षेप

समाचार शाखामा व्यवस्थापकीय हस्तक्षेप खासै हुने गरेको छैन । बरु सरकारी आदेश र निर्देशनलाई निकै संवेदनशील भई सधैं अनुसरण गरिरहनुपर्ने बाध्यता एफएमलाई रह्यो । २०५७ माघ २ गते सञ्चार मन्त्रालयबाट स्वतन्त्र समाचार उत्पादनमा रोक लगाउन जारी गरिएको परिपत्रलाई कान्तिपुर एफएमले अवज्ञा गरेको थियो । तत्कालीन समयमा समाचार प्रसारण गर्ने अन्य एफएमहरूले समाचार बन्द गरे पनि कान्तिपुर एफएमले गरेन ।[२३] त्यति बेला मन्त्रालयकै परिपत्रलाई आधार मानी बिहानको *कान्तिपुर डायरी*मा *गोरखापत्र*लाई प्राथमिकता दिँदै समाचारहरू अपडेट गरेर प्रसारण गरिएको थियो । अन्य बुलेटिनहरूमा पनि सरकारी माध्यमहरूलाई उद्धृत गरिएको थियो । परिपत्रअनुसार सरकारी सञ्चारमाध्यमबाहेक आफ्नै स्रोतका आधारमा समाचार प्रसारण गर्न एफएमलाई

---

[२२] नेपालमा समाचारको प्रवाह एकोहोरो छ । अर्थात् केन्द्रका गतिविधि बढी लादिन्छन् । अधिकांश माध्यमहरूले केन्द्रिकृत (सेन्टर टु पेरीफेरी) अवधारणालाई पछ्याएका छन्, विकेन्द्रित (पेरीफेरी टु सेन्टर) होइन । एफएम रेडियोहरूले स्थानीय क्षेत्रलाई प्राथमिकता दिएका भए पनि उनीहरूको सीमित जनशक्ति, सम्पर्क र लगानीका कारण उनीहरू खुम्चिएका थिए । यस पक्षमा राष्ट्रिय बहस हुनु जरुरी छ । अर्कोतर्फ, पश्चिमा माध्यमहरूको ज्यादा प्रभावले अमेरिकी वा युरोपियन क्षेत्रका स्थानीय गतिविधि तत्कालै हाम्रो पहुँचमा छन् भने राजधानीभित्र वा छिमेकी जिल्ला हाम्रा लागि सुदूर बनेका छन् ।

[२३] त्यति बेला मन्त्रालयको परिपत्रको सर्वत्र आलोचना भएको थियो । २०५७ माघ ५-९ मा पोखरामा भएको सत्तारुढ दल– नेपाली काङ्ग्रेसको महाधिवेशनमा पनि तत्कालीन सञ्चारमन्त्री जयप्रकाश गुप्ताले यही परिपत्रका कारण आलोचना सहनुपरेको थियो । परिपत्र जारी भएको केही दिनमा नै त्यसको खारेजीको मागसहित सर्वोच्च अदालतमा मुद्दा दर्ता भएको थियो । यसपछि भने अरू एफएम रेडियोहरूले पनि बिस्तारै समाचार प्रसारण गर्न थालेका थिए । त्यति बेलाको सरकारी परिपत्र (निर्देशन), त्यसविरुद्ध दायर गरिएको मुद्दाबारे थप जानकारीको लागि अध्याय ३ हेर्नुहोस् र २०५८ साउन ११ गते सर्वोच्च अदालतले गरेको अन्तिम फैसलाका लागि मैनाली (२०५९ग) हेर्नुहोस् ।

बन्देज लगाइएको थियो । तसर्थ त्यस बेला सरकारी माध्यम र यस स्टेसनका समाचारका विषयवस्तुहरू प्रायः एउटै थिए किनकि भिन्न विषयवस्तु थप्नका लागि मन्त्रालयको परिपत्र बाधक थियो ।

यसै गरी २०५८ सालको सङ्कटकालका बेला सुरक्षासम्बन्धी समाचारहरू सुरक्षा निकायले पुष्टि गरेपछि मात्र दिनुपर्ने बाध्यता रह्यो । तत्कालीन आदेशमा 'आतङ्ककारीलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने खालका कुनै पनि गतिविधि गर्न बन्देज' भन्दै माओवादीका गतिविधि वा सरकार-माओवादी भिडन्तसम्बन्धी समाचार सम्प्रेषणमा कडाइ गरिएको थियो । यो आदेश आएको केही महिनासम्म द्वन्द्वसम्बन्धी समाचार पुष्टि गर्नेतर्फ लागे पनि त्यसपछि संसदमा सङ्कटकालको अनुमोदन गर्न राजनीतिक दलहरूबीच नै विवाद भएपछि यो आदेश नै क्रमशः कमजोर बन्दै गएको थियो ।

## *माघ १९ पछिको स्थितिः समाचार प्रसारणमाथि अर्को हस्तक्षेप*

२०६१ माघ १९ गते बिहान ७:०० बजे सरकार नियन्त्रित रेडियो र टेलिभिजनबाट बिहान १०:०० बजे राजाबाट शाही घोषणा हुने समाचार प्रसारण भएको थियो । शाही घोषणामा यही नै हुन्छ भन्ने कुनै अड्कलबाजी थिएन । राजाबाट सरकारलाई केही निर्देशन दिइन सक्ने भन्ने कुरा केही मन्त्रीहरूको अड्कल थियो । थप कुराका लागि सबैले शाही घोषणा पर्खेका थिए ।

बिहान १०:०० बजे सरकारी सञ्चारमाध्यमहरू– रेडियो नेपाल र नेपाल टेलिभिजनबाट पहिल्यै रेकर्ड गरी राखिएको शाही घोषणा प्रसारण गरियो । कान्तिपुर एफएमले पनि रेडियो नेपाल हुक गरेर शाही घोषणा प्रसारण गरेको थियो । शाही घोषणा जारी रहेकै समयमा (बिहान १०:१५ बजे) सशस्त्र सैनिकहरू स्टेसनमा आइपुगिसकेका थिए । शाही घोषणामा राजाबाट शासनसत्ता आफैले सम्हाल्ने कुरा आइसकेकाले रेडियो स्टेसनमा सेनाको उपस्थितिलाई त्यति अनौठो ठानिएन । यद्यपि नेपाली सञ्चार इतिहासमा सेनाले सञ्चारमाध्यम कब्जा गरेको यो पहिलो घटना भएकाले केही उकुसमुकुस हुनु अस्वाभाविक थिएन । सेनाले आफूहरू स्टेसनको सुरक्षार्थ आएको बताउँदै उनीहरूकै शब्दमा 'शाही घोषणाको भावना र मर्मविपरीत हुने खालका' कुनै पनि सूचना प्रसारण गर्न प्रतिबन्ध लगाए । शाही घोषणा सकिन नपाउँदै सबै टेलिफोन सेवा काटिएको थियो । पछि क्रमशः अन्तर्राष्ट्रिय टेलिभिजन च्यानल र अनलाइन सेवामा पनि रोक लगाइयो । कान्तिपुर एफएमको मध्याह्न १२:०० बजेको समाचार बुलेटिनमा शाही घोषणा मात्रै बजाइएको थियो । त्यस दिनका अन्य समाचार बुलेटिनमा शाही घोषणा

र बिहानै तयार पारिएका केही अन्तर्राष्ट्रिय समाचारहरू मात्रै थिए । सम्पर्कका सबै माध्यमहरू अवरुद्ध गरिएकाले बाह्य गतिविधि थाहा हुनसक्ने र प्रसारण गर्नसक्ने अवस्था थिएन ।

भोलिपल्ट माघ २० गते भने कुनै खालको पनि समाचार प्रसारण नगर्न एक जना सैनिक मेजर आएर निर्देशन दिएका थिए । रेडियो माध्यमका लागि कुनै पनि आदेश दिँदा लाइन एजेन्सीको रूपमा सञ्चार मन्त्रालय मात्र रहेको जिकिर गर्दै ती मेजरलाई "तपाईंले यस्तो आदेश दिन मिल्छ ?" भनेर सोध्दा उनको उत्तर थियो– "कानूनी रूपमा आदेश आउँदै गर्ला तर अब समाचार प्रसारण नगर्नू ।" मेजरले माघ २० गते २:०० बजेतिर दिएको यो आदेशपछि कुनै पनि समाचार र समाचारमूलक कार्यक्रमहरू प्रसारण भएका छैनन् ।[२४] शाही घोषणापछि माघ २० गते १२:०० बजेसम्म प्रसारण भएका जम्मा सातओटा बुलेटिनहरू पनि स्टेसनमा खटिएका मेजरको स्वीकृतिपछि मात्रै प्रसारण भएका थिए । यसअघि अन्य अवस्थामा सामान्य रूपबाट नै समाचार उत्पादन र प्रस्तुति हुँदै आएको थियो ।

## जनशक्ति र आर्थिक पक्ष

कान्तिपुर एफएमको समाचार कक्षमा २०६१ माघसम्म १५ जना कार्यरत थिए । यसले उत्पादन गर्ने समाचारको आयतनअनुरूप सानो टिम भए पनि स्टेसन आफै कान्तिपुर पब्लिकेशन्स्अन्तर्गत रहेकाले आवश्यक परेको अवस्थामा

---

[२४] सर्वोच्च अदालतको २०६२ साउन २६ को अन्तरिम आदेशपछि कान्तिपुर एफएमले २०६२ साउन ३० देखि पुनः समाचार बजाउन थालेको थियो । तर २०६२ असोज २३ गते 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न आएको अध्यादेश' पछि २०६२ कात्तिक १० गते सञ्चार मन्त्रालयले किन समाचार प्रसारण गरेको भन्दै २४ घण्टाभित्र चित्त बुझ्दो जबाफ नआए अनुमति पत्र रद्द गर्ने चेतावनी सहितको गोप्य पत्र पठाएको थियो । सरकारले सो चेतावनीसँगै कान्तिपुर एफएममा दिउँसो सञ्चार मन्त्रालयका अधिकारीसहितको टोलीलाई अनुगमन गर्न पठायो । दिउँसो सबै कानूनसम्मत छ भन्दै फर्केको टोली राति ११ बजे पुल्चोकस्थित स्टेसनमा सशस्त्र फौजसहित पुगेर, पूर्वाञ्चलमा रिले गर्ने उपकरणहरू जबरजस्ती उठाएर लग्यो । कात्तिक ११ गते कान्तिपुर एफएम प्रा.लि. का तर्फबाट प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले सर्वोच्च अदालतमा सरकारको सो कार्यविरुद्ध अन्तरिम आदेशको माग गर्दै मुद्दा दायर गरेका थिए । अदालतले १३ गते आइतबारसम्मका लागि अन्तरिम आदेश जारी गऱ्यो । यतिञ्जेलसम्म उपत्यकामै सीमित रहेको कान्तिपुर एफएमले समाचार रोकेको थिएन । तर २०६२ कात्तिक २५ गते सञ्चार अध्यादेशलगायत कान्तिपुर एफएमको मुद्दामाथि एकमुष्ट निर्णय गर्दै अन्तरिम आदेश जारी गर्नु नपर्ने आदेश दिएपछि २०६२ कात्तिक २५ साँझबाट कान्तिपुर एफएमले स्थापनाकालदेखि बजाउँदै आएको *कान्तिपुर डायरी* घोषणा गरेरै स्थगित गऱ्यो । तर २०६२ मङ्सिर १५ देखि भने पुनः सुरु गरिएको छ । २०६१ माघ १९ पछिको एफएम रेडियोको अवस्थाबारे अध्याय ४ हेर्नुहोस् ।

पब्लिकेशन्सबाट सहयोग लिन सकिन्थ्यो । २०६२ साउनको आँकडाअनुसार यस स्टेसनमा कुल जनशक्ति एक सयभन्दा बढी रहेको छ ।[२५] समाचारको संयोजन र व्यवस्थापनको जिम्मेवारी समाचार संयोजकलाई दिइएको छ । समाचारको नियमित कार्य सञ्चालन ऊमार्फत नै हुने गर्दछ ।

कान्तिपुर एफएमको समाचार उत्पादनमा उपत्यकाका गतिविधि एफएमको आफ्नै टिमले सङ्कलन गर्थ्यो भने बाहिरका समाचारको लागि *कान्तिपुर* दैनिकका जिल्ला संवाददाताहरू सक्रिय थिए । नेपालका सबैजसो जिल्लामा *कान्तिपुर* दैनिकका संवाददाताहरू कार्यरत छन् । यसका अलावा उपत्यकाभित्रका अन्य माध्यमका साथीहरूसँग समेत समाचार सरसापट हुन्थ्यो । घटनाको प्रकृति हेरी सरोकारवालाहरूको सहयोग पनि उत्तिकै मिल्ने गरेको थियो । पछिल्लो समयमा एफएम रेडियोहरूबाट समाचार दिने क्रम तीव्र भएपछि कुनै पनि सार्वजनिक व्यक्ति, सङ्घ, संस्था वा निकायका गतिविधि समाचारको दायराभित्र पर्न थाले । त्यस्ता निकाय वा व्यक्तिको आमन्त्रणमा सहभागी हुन नसक्दा स्वयं उनीहरूबाटै प्राप्त हुने सूचना (खास गरी प्रेस विज्ञप्ति, टेलिफोन वार्ता) बाट समाचार तयार पार्ने गरिन्थ्यो । यस्तो प्रक्रियामा सन्तुलित समाचार उत्पादनमा सन्देह रहने भए पनि एफएम रेडियोको समाचार उत्पादनमा यो प्रक्रिया ज्यादै प्रचलित रहने गरेको छ । समाचार सङ्कलनका लागि नियमित कार्यसूची बनाइएको हुन्छ । जसमा सम्भावित समाचारका क्षेत्र किटान गरी सोहीअनुरूप संवाददाताहरूको परिचालन गर्ने गरिन्छ ।

खास गरी कान्तिपुर एफएममा समाचार शाखाको जनशक्तिलाई चार तहमा विभाजन गरिएको थियो (हेर्नुहोस् तस्बिर ७.४) । त्यसअनुसार सबैभन्दा माथिल्लो तहमा समाचार संयोजक र सबैभन्दा तल्लो तहमा कनिष्ठ संवाददाता रहेका थिए । सबैजना रिपोर्टिङ, सम्पादन र वाचनमा संलग्न रहे पनि शाखाभित्रको अन्तिम निर्णय भने संयोजकमा निर्भर रहने गरेको थियो ।

---

[२५] कुल जनशक्तिलाई विभाजन गरेर हेर्दा ४० जना कार्यक्रम, १५ जना समाचार (जिल्लामा कार्यरत संवाददाता बाहेक), ६ जना मार्केटिङ, २० जना प्रशासन, १० जना स्टुडियो, ४ जना लेखा शाखामा र बाँकी प्राविधिक क्षेत्र (इलेक्ट्रीसियन, कम्प्युटर अपरेटर आदि) मा कार्यरत छन् । यसै गरी धनकुटाको भेडेटारमा अवस्थित प्रसारण केन्द्रमा झन्डै १५ जना कार्यरत रहेका छन् । *कान्तिपुर* दैनिकसँगै आवद्ध रहेका जिल्ला संवाददाताहरू पनि एफएमको समाचार शाखामासमेत आबद्ध छन् । समाचार पठाएको आधारमा उनीहरूले रेडियोबाट छुट्टै पारिश्रमिक पाउने व्यवस्था छ । छुट्टै संवाददाता जिल्लाहरूमा राखिएको छैन् । जनशक्तिको यो आँकडामा परामर्श सेवा (प्राविधिक, कानूनी वा अन्य) मा संलग्न व्यक्तिहरूको सङ्ख्या जोडिएको छैन । परामर्श सेवा आवश्यक परेको अवस्थामा मात्र लिइने हुनाले यो सङ्ख्या निश्चित पनि छैन ।




तस्बिर ७.४: कान्तिपुर एफएमको संस्थागत संरचना, २०६२ साउन ।

### *जनशक्ति छनोट*

जनशक्ति छनोटका लागि कान्तिपुर एफएमभित्र स्पष्ट मापदण्ड तोकिएको छैन । खुल्ला प्रतिस्पर्धा र निजी सम्पर्कका आधारमा नै कर्मचारी भर्ना गर्ने गरिएको छ । समाचार शाखाको लागि न्यूनतम मापदण्ड भनेको समाचार उत्पादनका कुनै एक क्षेत्र खास गरी राजनीति, अर्थ, खेलकुद, अन्तर्राष्ट्रिय गतिविधिबारे ज्ञान भएको हुनु पर्छ । यसका साथै अन्य भाषा खास गरी अङ्ग्रेजी समाचारको अनुवाद गर्न सक्ने र रेडियोलाई सुहाउने आवाज हुनुपर्ने जस्ता आधारहरू अघोषित रूपमा मानिएका थिए । प्रारम्भिक वर्षमा समाचार लेखनमा केही वर्ष काम गरेका व्यक्तिहरूलाई लिएर समाचार शाखाको सुरुआत गरिएको थियो भने पछिल्ला

वर्षहरूमा शैक्षिकस्तर स्नातकसम्म हुनुपर्ने आधार बनाइएको थियो । यद्यपि यो प्रावधान जरुरी थिएन । साथै बिल्कुलै नयाँ व्यक्तिहरूलाई अवसर दिने नीति बनाइएको थियो । यसरी नयाँ व्यक्तिहरूलाई लिँदा पारिश्रमिक धेरै दिनुपर्ने अवस्था रहँदैन भने उनीहरूलाई काम सिकाउन सजिलो पर्दछ । नयाँ व्यक्तिहरूको छनोट गरिएपछि सामान्य रूपमा आन्तरिक तालिम दिइन्थ्यो र बाँकी कुरा पुरानाहरूले सिकाउने गर्दथे । अर्कोतर्फ अनुभवी व्यक्तिहरूलाई लिँदा पारिश्रमिक उच्च हुने तथा उनीहरूमा स्टेसनले चाहे अनुरूपका गुणहरू (अनुवाद, लेखन, सम्पादन, वाचन) नहुन पनि सक्ने हुनाले नयाँ उम्मेदवार लिने गरिएको हो ।

यहाँ जनशक्तिलाई करारमा नियुक्त गर्ने प्रचलन रहेको छ । सुरुमा परीक्षणकाल अन्तर्गत छ महिने करार र त्यसपछि एक वर्षको करार दिने गरिएको छ । कार्यरत कर्मचारीको काम चित्तबुझ्दो भएमा प्रत्येक वर्ष नवीकरण गरिन्छ । अन्यथा व्यवस्थापनले जुनसुकै बेला हटाउन सक्ने प्रावधान छ । कर्मचारी आफैले छोड्न चाहेमा भने एक महिनाअगाडि नै व्यवस्थापनलाई जानकारी दिनुपर्दछ । कसैलाई पनि स्थायी नियुक्ति दिने चलन छैन । यस्तो व्यवस्था समाचार शाखाका कर्मचारीको सन्दर्भमा मात्र नभई समग्र स्टेसनको कर्मचारीमा नै लागू हुन्छ । २०६१ माघ १९ को शाही घोषणापछि एफएमको समाचार शाखामा कार्यरत केही व्यक्तिहरूलाई अवकाश दिइएको थियो । तर २०६२ साउनसम्ममा सबैलाई बोलाएर कान्तिपुर पब्लिकेशन्स्अन्तर्गतका कान्तिपुर टेलिभिजन, *कान्तिपुर* दैनिक, *काठमाडौँ पोस्ट* दैनिक र एफएमकै अन्य शाखाका काममा समायोजन गरिएको थियो ।

## *सीप अभिवृद्धि र लगानी*

प्राविधिक रूपमा कान्तिपुर एफएमको समाचार शाखाका व्यक्तिहरूको दक्षता अभिवृद्धिका लागि स्टेसनले गरेका लगानी अपुग र न्यून छन् । प्रत्येक वार्षिकोत्सवका अवसरमा समाचार र कार्यक्रम शाखाका लागि कम्तीमा दुईदिने कार्यशालाको आयोजना गर्ने चलन छ । यस्तो कार्यशाला सबै शाखाको आन्तरिक मूल्याङ्कन गर्नमा ज्यादा केन्द्रित रहने गरेका छन् । विषयगत ज्ञान अभिवृद्धिमा यस कार्यक्रमले खासै सफलता पाउने गरेको देखिँदैन । अन्य आन्तरिक तालिमहरू पनि थोरै मात्र आयोजना हुने गरेका छन् । बाह्य देशमा गएर लिएको तालिमको कुरा गर्दा २०६२ साउनसम्ममा समाचार शाखाको एक जनाले मात्र यस्तो तालिम लिएको अवस्था छ । रेडियो कार्यक्रम उत्पादन शीर्षकमा जर्मनीको इन्टरन्यासनल इन्स्टिच्यूट अफ जर्नालिज्म बर्लिन (आईआईजेबी) बाट २०६० सालमा मोनिका उपाध्यायले तालिम लिनुभएको थियो ।

समाचारका लागि लगानी हुने क्षेत्रलाई हार्डवेयर र सफ्टवेयर गरी दुई किसिमबाट हेर्दा सजिलो हुन सक्छ । हार्डवेयरअन्तर्गत भौतिक पूर्वाधार, समय विभाजन पर्दछ भने सफ्टवेयरअन्तर्गत जनशक्ति र उनीहरूको वृत्ति विकासमा गरिने लगानी पर्दछ । हार्डवेयरअर्न्तगत कम्प्युटरको सङ्ख्या, रेकर्डिङ उपकरण एवं समाचारका लागि छुट्टै स्टुडियो छन् । समाचार प्रसारणका लागि समयको बन्देज छैन अर्थात् नियमित बुलेटिन बाहेकका अवधिमा अन्य कार्यक्रम रोकेर पनि *फ्ल्यास न्यूज* प्रसारण गर्न सकिने व्यवस्था गरिएको छ । सफ्टवेयरअर्न्तगत तलब, भत्ता, औषधि उपचार, सञ्चय कोष, विमा, विदा, तालिमका अवसर, सेवा सुरक्षा एवं उत्प्रेरणाका लागि गरिने खर्च पर्दछन् । यीमध्ये तलब (जुन सांसारिक नै छ) र निश्चित भत्ता (दशैं खर्च, अतिरिक्त समय र बोनस) नियमित रूपमा स्टेसनले दिँदै आएको छ ।

## *प्रायोजकको रुचि*

व्यापारिक उद्देश्यले स्थापित एफएम भएकोले रेडियोका उत्पादन बिकाएर नाफा आर्जन गर्नु यसको प्रमुख लक्ष्य हो । प्रसारणको सुरुका दिनहरूमा समाचारको बीचमा विज्ञापन नबजाउने र यसलाई प्रायोजन नगर्ने नीति लिइएको थियो । ब्राण्डेड प्रायोजनका लागि केही संस्थाहरूले चासो देखाए पनि त्यसलाई प्रोत्साहन गरिएन । समाचारलाई नै ब्राण्डेड बनाउँदा स्वतन्त्र, निष्पक्ष र सन्तुलित हुन नसक्ने र आफ्नो मौलिक उत्पादन अरूले नै गरिदिए जस्तो हुनाले त्यसो हुन नदिइएको हो ।[२६] अन्य केही रेडियो स्टेसनहरूले विज्ञापन आकर्षण गर्न समाचारका आंशिक भागहरूलाई ब्राण्डेड बनाए पनि (जस्तैः हेडलाइनका प्रायोजक, खेलकुद समाचारका प्रायोजक, अर्थ वाणिज्य समाचारका प्रायोजक आदि) पूरै बुलेटिनलाई ब्राण्डेड गरेको देखिँदैन । कान्तिपुर एफएमले भने त्यस प्रकारको आंशिक ब्राण्डेडसमेत गरेन । समाचारको लोकप्रियतासँगै पछिल्ला दिनहरूमा विज्ञापनको चाप बढ्दै गएपछि २०५७ सालदेखि समाचारको बीचमा विज्ञापन बजाउन भने थालियो । समाचारको बीचमा बज्ने विज्ञापनको दर नियमित दरभन्दा झन्डै डेढी रहेको छ ।[२७] तर पनि सोही समयका लागि विज्ञापनदाताहरूको माग ज्यादा

[२६] ब्राण्डेड प्रायोजन भन्नाले प्रायोजन गर्ने संस्था वा उत्पादनका नाममा नै समाचारका स्लग बेच्ने कार्यलाई जनाउँछ । जस्तो *कान्तिपुर डायरी*का ठाउँमा मायोज वा वाइवाइ डायरी भन्ने । मनोरञ्जनात्मक कार्यक्रमहरूमा भने यो प्रचलन अत्यधिक छ ।

[२७] समाचार बुलेटिनका बीचमा दुई वा तीन पटक विज्ञापन बजाइन्थ्यो । मुख्य समाचारपछि पहिलो र समाचारका सेगमेण्ट परिवर्तनसँगै दोस्रो र तेस्रो ब्रेक राखिन्थ्यो । यी तीनओटै ब्रेकको अवधि चार मिनेटभन्दा बढी नगर्ने स्टेसनको आन्तरिक नीति रहेको छ ।

रहने गरेको थियो । यही आधारमा कान्तिपुर एफएमले बिहान र बेलुकाका ६:३० बजेका बुलेटिनहरूको वरिपरिको समयलाई 'प्राइम आवर' मानेको थियो । प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीका अनुसार कान्तिपुर एफएमको कुल आम्दानीको झन्डै ४० प्रतिशत समाचारले नै कमाउँथ्यो ।[२८]

## निष्कर्ष

सामान्यतया बहुलवादी प्रणालीमा प्रतिस्पर्धा हुन्छ । प्रतिस्पर्धाबाट नै सबै संस्थाले आफ्नो बजार निर्माण र बिस्तार गरिरहेका हुन्छन् । प्रतिस्पर्धाको दौड नै अस्तित्वको आधार हो । एफएम रेडियोहरूमा मात्र नभई राष्ट्रिय प्रसारणको रेडियो नेपालभन्दा कान्तिपुर एफएम प्रतिस्पर्धामा अगाडि हुन गएको छ । प्रसारण पहुँचको आधारमा रेडियो नेपालपछि दोस्रो स्थानमा रहेको यो एफएम समाचार ब्रेक गर्ने कार्यमा तुलनात्मक रूपमा अग्रणी रहँदै आएको छ । स्टेसनको पछाडि रहेको कान्तिपुर पब्लिकेशन्सको ठूलो नेटवर्कका कारण नै यो निरन्तर सफल हुन सकेको हो । प्रारम्भिक दिनहरूमा रेडियो नेपालपछि समाचार प्रसारणमा दोस्रो स्थानमा रहेको कान्तिपुर एफएमले साँझ बिहानका प्रमुख बुलेटिनहरूमा रेडियो नेपालसँग प्रतिस्पर्धामा उत्रेको थियो । वर्षौंदेखि रेडियो नेपालले साँझ बिहान ७:०० बजे समाचार प्रसारण गर्दै आएको छ भने त्यसलाई उछिन्दै कान्तिपुर एफएमले ६:३० बजे (साँझ र बिहान) नै समाचार प्रसारण सुरु गरेको थियो । अन्य एफएम स्टेसनहरू थप अगाडि बढ्दै ६:०० बजे नै समाचार प्रसारणमा उत्रेका थिए ।

एफएम रेडियोहरूमध्ये कान्तिपुर एफएमले समाचार प्रस्तुतिमा नौलो आयाम थप्न सफल रहे पनि अझै थुप्रै कामहरू गर्न भने बाँकी नै छ । रेडियो समाचारको शैलीमा पुग्न एवं समाचारले समेट्ने विषयवस्तुको दायरा बढाउन जरुरी देखिन्छ । रेडियोमा समाचारको संस्थागत विकास गर्नका लागि समाचारको डिजिटल लाइब्रेरी, त्यस्तै प्रकारको अभिलेखालय पद्धति विकास गर्न सकेमा थप व्यवस्थित हुन सक्दछ । अर्कोतर्फ रेडियो समाचारका विविध स्वरूपहरूको उच्च अभ्यास हुन सकेको छैन । अहिलेसम्म सामान्य अपवादबाहेक समाचारको प्रस्तुति एकोहोरो वाचनमा मात्र सीमित रहेको छ । तर समाचारलाई आकर्षक बनाउन सक्ने अन्य स्वरूपहरू रेडियो पत्रिका (रेडियो म्यागेजिन), फिचर, न्यूज रिपोर्ट, मोन्टाज, प्रोफाइल, भक्स पप, अन्तर्वार्ता एवं छलफलको संयोजन भएको देखिँदैन ।

---

[२८] ज्ञवालीसँग २०६१ फागुनमा गरिएको कुराकानीमा आधारित ।

अर्कोतर्फ समाचारमा सामाजिक विषयवस्तुका प्रसङ्गहरूलाई अरू प्राथमिकता दिनु जरुरी छ । रेडियो सुन्ने बानी पार्ने, सूचनाको उपलब्धता छिटो, छरितो एवं सस्तो पार्ने, प्रस्तुतिमा विविधीकरण ल्याउने कुरामा अन्य एफएम रेडियोहरूसँगै कान्तिपुर एफएमको पनि योगदान छ । नेपाल जस्तो नव प्रजातान्त्रिक मुलुकमा जनतामा प्रजातन्त्रको सही संस्कार हुर्काउन र जनतालाई विकास अभियानमा संलग्न गराउन सूचना र ज्ञानका साधनहरू अझै जनसेवी र सेवाधर्मी हुनुपर्ने कुरामा दुई मत हुन सक्दैन । राजनीतिक र व्यापारिक स्वार्थलाई मात्र हेर्ने सञ्चारमाध्यमहरूले यो काम गर्न सक्तैनन् । यसैले जनताको आवश्यकता र चाहनाअनुसारको जानकारी र ज्ञान उपलब्ध गराउने सञ्चारमाध्यमको सञ्चालनका लागि उपयुक्त वातावरण तयार पार्न सरकारले कञ्जुस्याइँ गर्नु हुँदैन । आर्थिक अवस्था, शैक्षिक अवस्था र आधुनिक पूर्वाधार न्यून रहेको नेपालमा रेडियो प्रभावकारी माध्यम बन्न सक्दछ । राष्ट्रिय एजेण्डालाई सफल बनाउनमा यसको प्रभावकारी उपयोग हुनुपर्ने कुरामा दुई मत छैन ।